जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक ५, २०७७ साल भदौ ५ गते शुक्रबार, नेपाल संवत् ११४० (August. 21, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भदौ १० सम्म निषेधाज्ञा

काठमाडौं । काठमाडौं उपत्यकामा कोरोना भाइरस नियन्त्रण गर्न बुधबार मध्यरातदेखि एक सातासम्म निषेधाज्ञा लगाइएको छ । सरकारले स्थानीय प्रशासनलाई दिएको अधिकार अनुसार काठमाडौं, ललितपुर र भक्तपुरका प्रजिअसहित सुरक्षा समितिको संयुक्त बैठकले यो निर्णय गरेको हो । निषेधाज्ञा अवधिमा अत्यावश्यक बाहेकका सेवा बन्द रहने छन् । अत्यावश्यक बाहेक कुनै पनि सरकारी निजी तथा गैरसरकारी कार्यालय तथा सवारी साधन सञ्चालन गर्न निषेध गरिएको छ । बाँकी ८ पेजमा

## नेकपा एमाले आयोगमा दर्ता

काठमाडौं । सत्तारुढ दल नेकपाभित्र शक्तिसंघर्ष चुलिरहेका बेला पुरानो नेकपा एमाले दलले निर्वाचन आयोगमा वैधता पाएको छ ।

निर्वाचन आयोगले नेकपा एमाले नाममा नयाँ पार्टी दर्ता गरेको छ । गत १२ असारमा दल दर्ताका लागि आवेदन परेको थियो ।

तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निर्माण बाँकी ८ पेजमा

# भारतीय बाँध, तराई डुबानमा

काठमाडौं । भारतले सीमा क्षेत्रमा बनाइएका अनधिकृत बाँध र उच्च सडकका कारण नेपालको तराई भूभाग वर्षायाममा सधैं डुबानमा पर्ने गरेको छ । भारतले यस्ता संरचना अन्तर्राष्ट्रिय नदीहरूको पानी प्रयोगसम्बन्धी अभिसन्धि (१९६६) विपरीत बनाएको हो । यस्तै संयुक्त राष्ट्र संघको कन्भेन्सन अन द ल अफ द नन नेभिभगेसनल युजर्स अफ इन्टरनेसनल वाटर कोर्सेस (१९९७) र इन्टरनेसनल वाटर ट्रिटी एक्ट (१९९०) अनुसार सीमावर्ती क्षेत्रमा कुनै एक मुलुकले अर्को मुलुकलाई असर पर्ने गरी संरचना बनाउन पाइँदैन । बनाउनु परे पूर्व सहमति लिनुपर्छ । यी अन्तर्राष्ट्रिय कानुनअनुसार एक मुलुकले अर्को मुलुकलाई प्राकृतिक वा मानवीय क्रियाकलापका कारण हानी नोक्सानी पुऱ्याउन तथा पानीको सतह बढ्ने गरी सीमाका तल्लो र माथिल्लो ८-८ तटीय क्षेत्रभित्र एकतर्फी संरचना बनाउन पाइँदैन । यी सबै अन्तर्राष्ट्रिय कानुनमा नेपाल र भारत दुवैले हस्ताक्षर गरेको सीमाविद बुद्धिनारायण श्रृष्ठ बताउँछन् ।

नेपाली भूमि डुबानमा पर्ने गरी भारतले २८ स्थानमा ठूला बाँध र तटबन्ध बनाएको छ । कतिपय स्थानमा जमिन उकासेर सडक बनाइरहेको छ । यस्तो कार्यले नेपाल हुँदै दक्षिणतर्फ बग्ने नदीनालाको प्राकृतिक बहाव थुनिने गरेको छ र नेपालको तराई भूभाग सधैं डुबानमा पर्ने गरेको छ । नेपालबाट भारततर्फ बग्ने करिब ६० वटा नदी तथा खोलामध्ये अधिकांशको बहाव रोक्न भारतले सीमा क्षेत्रमा एकतर्फी संरचना निर्माण गरेको छ ।

भारतीय संरचनाका कारण पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भूभाग पानी पर्नासाथ जलमग्न हुने गरेका छन् । भारतले मेची नदीमा दशगजा नजिकै बजारुजोत क्षेत्रमा धमाधम बाँध बनाइरहेको छ । यो बाँधले मेची नगर नगरपालिका ७ क्षेत्रका करिब सय घर जोखिममा छन् । नदी किनाराका प्रायः घर कच्ची छन् । यसअघि पनि भारतले मेची पुलको पूर्व



दक्षिण क्षेत्रमा करिब ५ सय मिटर बाँध बनाएको थियो । मेचीनगर४ बाहुन्डाँगी पारिसमेत गत वर्ष बाँध बनायो जसले केही घर र खेतीयोग्य जमिन डुबानमा परेका थिए । मेचीनगर नगरपालिकाले यस्ता संरचनाबारे कुनै चासो नराखेको स्थानीयको भनाइ छ ।

रौतहट वर्षामा सधैं डुब्छ । वाग्मती र लालबकैया नदीको बाढी, गाउँमा पस्छ र मानिसहरू बर्सेनि विस्थापित हुने गरेका छन् । गत वर्ष ८ सय घर डुबानमा परेका थिए । लालबकैया नदीको पानी गाउँ पसेपछि इशनाथ नगरपालिकाका ५ सय घर डुबानमा परे । डुबान कम भएपछि नगरपालिकाले त्यहाँको बस्ती अस्थायी रुपमा अन्यत्र सारेको थियो । त्यस क्षेत्रमा ७० हजार घर प्रभावित र २० हजार परिवार विस्थापित भएका छन् ।

भारतले त्रिवेणीमा बाँध बनाएर सिंचाइका लागि पानी लगेको छ । १९ किलोमिटर नेपाली भूमि हुँदै नहर नेपाल हुँदै भारततर्फ लगिएको हो । उक्त नहरको डिल जमिनको सतहभन्दा माथि भएकाले वर्षामा आउने पानीले निकास पाउँदैन । नेपाली भूभाग डुबानमा नपार्न पानीको निकासका लागि बनाइएको साइफन भारतले कहिल्यै सफा गर्दैन ।

पूर्वी नवलपरासीस्थित विनयी त्रिवेणी गाउँपालिका ६ र ७ वडाका एक हजार दुई सयभन्दा बढी घर नरहकै कारण बर्सेनि डुबानबाट प्रभावित हुने गरेका छन् । त्यहाँ तृणमूल जनता मुसहरू बोटे, माझीको बस्ती रहेका छन् । जननिर्वाचित प्रथम प्रधानमन्त्री बीपी कोइरालाले २०१६ सालमा भारतसँग गण्डक सम्झौता गरेका थिए । उनले आफ्नो आत्मवृत्तान्तमा भारतले गण्डक सम्झौतामा आफूलाई झुक्याएको बताएका छन् । नेपालको गण्डकको पानीले भारतले लाखौं हेक्टर जमिनमा सिंचाइ गरेको छ भने ऊर्जाको समेत एकलौटी रुपमा उपयोग गरिरहेको छ ।

भारतीय कोसी योजनाले तीन वर्षअघि कोसी ब्यारेजभन्दा तल पूर्वबाट बग्दै गरेको नदीको पाइलट च्यानल खनेर पश्चिम तटबन्ध नजिक ल्यायो । ब्यारेजभन्दा दक्षिण कोसी पूर्वबाट २ किलोमिटरमा भारतीय भूमि पर्छ । पश्चिमी तटबन्ध नजिकबाट कोसीलाई बगाउँदा नेपालतर्फ ब्यारेजदेखि हनुमाननगर कंकालिनी नगरपालिकाको रम्पुरामल्हतियासम्म झन्डै १९ किलोमिटर पार गरेर मात्र भारततर्फ प्रवेश गर्छ । कोसीको पानी पश्चिमी तटबन्ध छेउबाट बग्न थालेपछि गोबरगढाटापु डुबानमा पर्ने गरेको छ । हनुमाननगर, रम्पुरामल्हतिया, टिकुलिया लगायतका तीन हजार बढी परिवारको घरमा पानी पस्ने गरेको छ ।

चार वर्षअघि सप्तरीको तिलाठीमा दशगजालाई मिचेर बाँकी ८ पेजमा

## मलको हाहाकार

काठमाडौं । नेपाल कृषि प्रधान देश हो । अर्थतन्त्रको मेरुदण्ड मानिन्छ कृषिलाई । जनसंख्याको झन्डै ८२ प्रतिशत कृषिमा निर्भर छ । कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने, कृषिमा चाहिने मलखादलाई किसान समक्ष निःशुल्क उपलब्ध गराउने, सिंचाइको प्रबन्ध मिलाउने, सस्तो व्याजदरमा कृषकहरूलाई ऋण उपलब्ध गराउने, बालीनाली रेखदेख र सुझावका लागि विशेषज्ञ उपलब्ध गराउने जस्ता कामहरू सरकारको दायित्वभित्र पर्छ । तर अचम्म के छ भने किसानले समयमा बालीनालीमा मल प्रयोग गर्न पाउँदैनन् ।

सधैंझैं यसपटक पनि किसानले धानबालीमा युरिया मल छर्न पाएका छैनन् । मलको आयात र व्यवस्थापनमा समस्या भएपछि किसानबीच युरिया मलको हाहाकार मच्चिएको छ । समयमा मल प्रयोग गर्न नपाएपछि उत्पादनमा ह्रास आउँछ । धान उत्पादनमा कमी आएपछि त्यसको असर अर्थतन्त्रमा पर्छ । सरकारले साल्ट ट्रेडिङबाट खरिद गरी सहकारीमार्फत किसानलाई वितरण गर्ने मलको अहिले अभाव छ । निजी क्षेत्रका व्यापारीसँग मल मौजाद छ । किसानहरूले व्यापारीहरूसँग महँगो मूल्यमा मल खरिद गर्नुपर्ने भएकाले उनीहरूको श्रमको मूल्य सस्तो पर्छ, लागतका तुलनामा आयस्ता कम हुन्छ ।

सरकारी संस्थानले आपूर्तिको जिम्मा पाएका भए पनि खरिद प्रक्रियामा रहेको कमिसनको खेलले समयमै मल खरिद गरेर भण्डारण गर्ने र किसानहरूको पहुँचमा सहज पुऱ्याउने काम हुन सकेको छैन । सार्वजनिक खरिदसम्बन्धी प्रक्रियालाई जटिल बनाएर कृषि मन्त्रालय र विभागीय अधिकारी ठेकेदार तथा व्यापारीका बाँकी ८ पेजमा

## भयग्रस्त मानिस सुनसान सहर

काठमाडौं । पछिल्लो समयमा नेपालमा कोरोना संक्रमितको ग्राफ ह्वात्तै बढेको छ । सरकारले कोरोना नियन्त्रणा लागि गत चैत ११ गतेदेखि साउन ७ गतेसम्म देशव्यापी लकडाउन -बन्दाबन्दी गरेको थियो । जतिखेर सरकारले लकडाउन घोषणा गरेको थियो त्यसबेला काठमाडौं उपत्यकामा दुई जना मात्र संक्रमित थिए । लकडाउन खुकुलो भएपछि दिनानुदिन संक्रमितको संख्या र मृत्यु हुनेको संख्या बढ्न थाल्यो । मानिसहरू अब कोरोना काल सकिएझैं लापर्बाही तरिकाले हिँडडुल गर्न थाले । स्वास्थ्य मन्त्रालयले सावधानी अपनाउन दिएको अत्यावश्यक कामबाहेक घरबाट ननिस्कने, निस्कनै परे मास्क अनिवार्य प्रयोग गर्ने, साबुनपानीले मिचीमिची २० सेकेन्ड हात धुने वा हेन्ड सेनिटाइजरको प्रयोग गर्ने, भीडभाडमा नजाने, भरसक सार्वजनिक सवारी साधनको प्रयोग



नगर्ने लगायतका सुझाव र सल्लाह मानिसहरूले पालना गरेनन् । जसको परिणाम काठमाडौं उपत्यका कोरोनाको हटस्पटमा परिणत भयो ।

उपत्यकामा कोरोना संक्रमितको संख्या बढ्नुमा सर्वसाधारणको लापर्बाही जति जिम्मेवार सरकारको हेलचेक्र्याइँ र सावधानीको पूर्वतयारी पनि त्यत्तिकै जिम्मेवार छ । उपत्यकाका नाकाहरू पूर्ण सिल गरेर पिसिआर परीक्षणलाई तीव्रता दिइएको भए आज यस्तो भयावह अवस्था बाँकी ८ पेजमा

## राष्ट्रकविको अन्तिम श्रद्धाञ्जली

काठमाडौं । राष्ट्रकवि माधवप्रसाद घिमिरेको मंगलबार



साँझ ५:५५ बजे आफ्नै निवास कपुरधारामा १०१ वर्षको उमेरमा निधन भएको छ । राष्ट्रकवि माधवप्रसाद घिमिरेको बुधबार पशुपति आर्यघाटमा राष्ट्रिय सम्मानकासाथ अन्त्येष्टि गरिएको छ ।

घिमिरेको पार्थिव शरीरलाई छोराहरू राजीव र इन्डिवर घिमिरेले बिहान ११:४८ बजे दागवत्ती दिएका हुन् । घिमिरेकी कान्छी श्रीमती महाकाली पनि अन्त्येष्टिमा सहभागी भएकी थिइन् । राष्ट्रकवि घिमिरेलाई दागवत्ती दिनुअघि राष्ट्रिय सम्मानका लागि नेपाली सेनाको टुकडीले सलामी अपर्ण गरेको थियो ।

यसअघि काठमाडौंको कपुरधारास्थित निवासमै पुगेर बाँकी ८ पेजमा

## नेकपा मालेद्वारा सरकारसँग माग पेस गर्ने निर्णय

काठमाडौं । नेकपा मालेको स्थायी कमिटी बैठकले देशका समसामयिक अवस्थाका बारेमा सरकारसँग केही मागहरू पेश गर्ने निर्णय गरेको छ । पार्टीले जारी गरेको विज्ञप्तिमा भनिएको छ-

'नेकपा (माले) को स्थायी कमिटी बैठकद्वरा समसामयिक अवस्थामा लिइएका केही निर्णय तथा सरकारसँग गरिएका मागहरूलाई यस प्रेस-विज्ञप्ति मार्फत् सार्वजनिक गरिएको छ ।

१. बैठकले बाढी, पहिरो तथा कोभिड-१९ को संक्रमणबाट ज्यान गुमाउन पुगेका सबै दिवंगत नेपालीहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै जनधनको क्षति ब्यहोर्नुपरेका समस्त शोकाकुल परिवार तथा आफन्तजनमा गहिरो समवेदना ब्यक्त गरेको छ । स्मरण रहोस्, बाँकी ८ पेजमा

## उज्यालो नेपाल र कुलमान घिसिङ

काठमाडौं । नेपालका सरकारी पूर्ण स्वामित्वका संस्थानहरू एकपछि अर्को गर्दै घाटामा गएर धराशायी भएका बेला नेपाल विद्युत प्राधिकरण भने आशातीत सफलता मात्र होइन, नाफा कमाएर उदाहरणीय रुपमा प्रस्तुत भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले गत आर्थिक वर्ष २०७६/७७मा ११ अर्ब ५ करोड रुपैयाँ नाफा कमाएको भन्दे सर्वाधिक सफल संस्था भएको दाबी गरेको छ । प्राधिकरणको ३५औं वार्षिकोत्सवमा सार्वजनिक गरिएको वित्तीय विवरणअनुसार २०७२/७३ मा ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरणले गत आवमा ४ अर्ब ८७ करोड रुपैयाँ सञ्चित नाफा कमाएको हो ।

सरकारले आव २०६७/६८ सम्मको सञ्चित घाटा करिब २७ अर्ब रुपैयाँ अपलेखन गरिदिएपछि घाटामा गइरहेको प्राधिकरण विगत चार वर्ष यत निरन्तर



नाफामा रहेको छ ।आव २०७२/७३ मा ८ अर्ब ८९ करोड रुपैयाँ घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षमा निरन्तर नाफामा छ ।

प्राधिकरणले आव २०७३/७४ मा १ अर्ब ४७ करोड, आव २०७४/७५मा २ अर्ब ८५ करोड, आव २०७५/७६ मा ९ अर्ब ८१ करोड र आव २०७६/७७ मा ११ अर्ब ५ करोड मुनाफा कमाएको छ । प्राधिकरणको बाँकी ८ पेजमा

## कुशे औंशी तथा बाबुको मुख हेर्ने पर्व

**समय-सन्दर्भ**

**हर्क याक्सो**

नेपाल एउटा बहुभाषिक, बहुसांस्कृतिक एवं बहुधार्मिक मुलुक हो । त्यसकारण यहाँ विविध धार्मिक एवं सांस्कृतिक चाडपर्वहरू मनाइन्छन् । यहाँ मनाइने अधिकांस चाड-पर्वहरू सबै जाति, धर्म र वर्गहरूको साझा चाडको रुपमा मनाइन्छन् । तिनीहरू मध्ये दशैं सबै भन्दा ठुलो साझा चाड हो । दशैंमा आफू भन्दा माथिका मान्यजनको हातबाट टीका थापी आशिरवाद लिने गरिन्छ । तिहार दोस्रो ठुलो साझा चाड हो । तिहारमा दिदी-बहिनीहरूबाट पुष्पमाला ग्रहण गरी दीर्घायु र सुस्वस्थ्यको लागि शुभकामना प्राप्त गरिन्छ । त्यस पर्वमा देउसे-भैंलेहरूलाई दान-दक्षिणा आदि, दिएर पुण्य प्राप्त गर्ने पनि गरिन्छ । गुरुपूर्णिमा अर्को विशेष प्रकारको चाड हो । त्यसदिन गुरुको पूजा-आराधना गरी गुरु प्रति भक्तिभाव व्यक्त गर्ने गरिन्छ । मातातिर्थे औंशीलाई आमाको मुख हेर्ने वा आमा प्रति आदर-सत्कार गर्ने पर्वको रुपमा मानिन्छ । त्यस दिन आमाको मुख हेर्ने वा मातृस्नेहको कदर गर्ने गरिन्छ । कुशे औंशीको दिन बाबुको मुख हेर्ने वा बाबुको महत्व र आवश्यकताहरूको स्परण गर्ने गरिन्छ । यस्ता चाड-पर्वहरूले नेपाली समाजमा विशेष महत्व राख्दछन् ।

हिन्दू धर्माबलम्बीहरू कुश, पिपल, तुलसी र शालीग्रामलाई भगवान विष्णुको प्रतिक मान्दछन् । अतः कुशेऔंशीको दिन ब्राह्मण-पुरेतहरूद्वारा 'कुश' भनिने एक पवित्र बानस्पतिक घाँसलाई हातले छेदन गरेर वा उखलेर जजमानहरूको घरघरमा वितरण गर्ने गरिन्छ । त्यस दिन वितरण गरिएको कुशलाई हरेक माङ्गलिक कार्यहरू सम्पन्न गर्नको लागि प्रयोग गरिन्छ ।

वि.सं. २०६३ मा नेपाल धर्म निरपेक्ष राष्ट्र घोष्णा भएपछि अन्य धर्मबलम्बीहरूको लागि कुशको आवश्यकता र महत्व घट्न थालेको देखिन्छ । तर कुशे औंशी संग जोडिएको "बाबुको मुख हेर्ने पर्व" लाई भने सबै धर्माबलम्बीहरूले उत्तिकै महत्वका साथ मनाउने गरेका छन् । किनकि आफूलाई जन्माउने, हुर्काउने र शिक्षा-दिक्षा दिएर सुयोग्य नागरिक बनाउन विशेष योगदान गर्ने बाबुको सम्मान, सत्कार र भक्तिभाव व्यक्त गर्ने अवसरको रुपमा यस पर्वलाई सबैले उपयोग गर्दछन् । त्यसकारण कुशैऔंशीको दिन सबैले आफ्ना जन्म दिने बाबुलाई मन पर्ने मीठामीठा फलफूल र खाने कुराहरू बाबुलाई खान दिएर आशिरवाद लिने गर्दछन् । कसैकसैले बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# शिक्षामा मनोमानी

कोरोना भाइरसका कारण लकडाउन गर्नु पर्दा रोकिएको यसपल्टको एसईईमा विद्यार्थीले बिनापरीक्षा चाहेजस्तो अंक प्राप्त गरेका छन् । आफैंले मूल्यांकन गर्ने अधिकार विद्यालयले पाएपछि 'आफ्नो हात जगन्नाथ' को सूत्र गतिलैसँग लागू भएको प्राप्त नतिजामा देखिएको छ । २०७५ को नतिजामा १०६ जनाले जीपीए ४ पाएकोमा यसपल्ट यो संख्याले गतिलै छलाङ मार्‍यो । ९३१९ जना विद्यार्थीले जीपीए ४ प्राप्त गरे । यसपल्ट राष्ट्रिय परीक्षा बोर्ड विद्यालयले पठाएको नतिजामा लाहाछाप लगाउने भूमिकामा मात्र रह्यो । विद्यालयले आफूखुसी नम्बर दिन पाउँदा सकेसम्म अनियमितता गरेको तथ्य परीक्षा बोर्डले समेत स्वीकारेको छ । सहरी क्षेत्रका ठूला विद्यालयले सकेसम्म जीपीए ४ मा आफ्ना विद्यार्थी उत्तीर्ण गराउने चेष्टा गरेका छन् ।

विगतमा एसएलसी परीक्षालाई आइरन गेटकै रूपमा परिभाषित गरिन्थ्यो । एसएलसीको नतिजाले एकपल्ट सबैतिर हलचल ल्याउँथ्यो भने आफ्ना विद्यार्थी बोर्डमा पर्नु विद्यालयको प्रतिष्ठा मानिन्थ्यो । एसएलसीको समयमा प्रायःजसो बोर्डमा निजी विद्यालयकै आउँथे भने राम्रो डिभिजनमा पास हुने पनि निजीकै हुन्थे । एसएलसीको रिजल्टपछि सरकारी विद्यालयका शिक्षक र शिक्षा मन्त्रालयदेखि जिल्लाका शिक्षा अधिकारीहरूले समेत ठूलो आलोचना मोल्दै आएका थिए । जीपीए पद्धति लागू गरेर कोही फेल नहुने र विभिन्न ग्रेडमा सबै पास हुने नियम लागू गरेपछि शिक्षा क्षेत्रका जिम्मेवार व्यक्तिहरू आलोचनाबाट बचेर हल्का महसुस गर्न थालेका थिए । अहिले नाम पनि एसएलसीदेखि एसईई बनेको र पढाइको गुणस्तर समेत खस्कँदै गएको अवस्थामा फेरि शिक्षा क्षेत्रमा समेत कोरोनाको ठूलो प्रभाव देखिएको छ । विद्यार्थी परीक्षा नलेखी राम्रो जीपिएमा पास हुने र शिक्षकले आफ्नो घरखेत व्यापार व्यवसाय हेरेर तलब खान पाउने भएपछि शिक्षाको गुणस्तर कहाँ पुग्ने हो सहजै अनुमान गर्न सकिन्छ ।

एसईईपछि एघार, बाह्र हुँदै विश्वविद्यालय तहसम्मका विद्यार्थी र शिक्षकले अब यही सुविधा माग गरे भने त्यो पनि अनौठो मानिने छैन । आफ्ना विद्यार्थीको आफैं मूल्यांकन गर्ने अवसर शिक्षकले पाउनु नराम्रो होइन । तर यो अवसरलाई जिम्मेवारीपूर्ण ढंगले पालन गरेर नवीन उदाहरण पेस गर्ने अवसर विद्यालयका शिक्षकले चुकाएका छन् । अब उच्च स्कोरमा पास भएका विद्यार्थीहरूलाई जुनसुकै विषय पढ्ने ढोका सजिलै खुलेको छ भने छोराछोरीको नतिजा हेरेर फेसबुक रंगाउने प्रतिस्पर्धामा लागेका अभिभावकले उनीहरूको क्षमताले नधान्ने भारी बोकाउन फोर्स पनि गर्न सक्छन् ।

अहिलेको अवस्थामा शिक्षाको क्लास चढ्नुभन्दा मुलुकदेखि कोरोना भगाउनु र संक्रमणबाट नागरिक बचाउनु महत्वपूर्ण मानिन्छ । एउटा शैक्षिक सत्र बिग्रँदैमा कलिला नानीहरूको भविष्य नै खतम हुन्छ भनेर लेख्ने बोल्ने बुद्धिजीवीहरू धेरै छन् । अझ महँगो शुल्क असुल्ने विद्यालयलाई चाहेजति भर्ना शुल्क असुल्न नपाएकोमा चिन्ता छ । यही चिन्ताबीच अहिले अनलाइन कक्षाको ठूलो प्रचार भइरहेको छ । अनलाइनको पहुँच हुनेहरूका लागि केही हदसम्म यसले सहयोग पुर्‍याउला तर अनलाइनमा पहुँच नहुने विद्यार्थीको लागि यसको कुनै अर्थ छैन । रेडियो टेलिभिजनबाट प्रसारित शैक्षिक कार्यक्रमले पनि विद्यार्थीको ध्यान तान्न सकेको छैन । ग्रामीण क्षेत्रका विद्यार्थीहरूले त अभिभावकलाई कृषि क्षेत्रमा सहयोग पुर्‍याएर व्यावहारिक ज्ञान हासिल गरिरहेका छन् । सहरका विद्यार्थीहरूलाई पनि दिक्क लाग्दो ढंगले अनलाइनमा व्यस्त बनाउनुभन्दा घर सजाउने, गमला गोड्ने, कौशी खेतीमा बुबाआमालाई सघाउने, खाना बनाउने कला सिकाउने, नाच्ने, गाउने जस्ता मनोरञ्जनमा घरमै व्यस्त बन्न लगाउनुपर्छ । त्यसैगरी कथा, कविता जस्ता साहित्य सिर्जनातर्फ पनि विद्यार्थीलाई प्रेरित गर्नुपर्छ । बिना जाँचको कक्षा चढाउने अभ्यासलाई निरन्तरता दिइनु हुँदैन ।

# आफ्नै खाडल आफै खन्ने कार्य नहोस् !

**सुरेन्द्र ढकाल**



'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भनेजस्तै देश कोरोनाले आक्रान्त छ, बाढीपहिरोले ठूलो जनधनको क्षति भइरहेछ । अर्कोतिर भारत एकपछि अर्को गर्दै आफ्नो दादागिरी देखाइरहेछ । अमेरिका झन् अर्कोतर्फ सशर्त एमसिसि नेपालको संसदको बहुमतले अनुमोदन गर्नुपर्छ भनेर अड्डी कसिरहेछ । यस्तो अवस्थामा पार्टीभित्रको एकता (Intra Party Unity) र पार्टीहरू बीचको एकता (Inter Party Unity) एक दमै बलियो भई सबै समस्याको समाधान गर्नुपर्नेमा सत्तारुढ दलभित्रको विवाद, सरकार र सेनाबीचको विवाद र पार्टीहरू बीचको विवादले जनता र देशले भोग्नु परेका समस्याले जुन प्राथमिकता र महत्व पाई जनता र देशले सरकारबाट राहत पाएको महसुस गर्नुपर्ने थियो तर त्यसो पटक्कै भएको छैन । जुन तरिकाबाट पार्टी र नेताबीचको जुँगा लडाइँ भइरहेछ त्यसले गणतन्त्र जनताबाट कतै तिरस्कृत त हुने होइन भन्ने शंकाको वादल मडारिइरहेको छ ।

२०१५ सालको प्रजातन्त्रलाई थेग्न नसक्दा ३० वर्षको पंचायत देश र जनताले भोग्नु पर्‍यो । २०४७ मा आएको प्रजातन्त्रले आन्तरिक कलहकै कारण राजनीतिक स्थिरता र विकाश दिन नसक्दा देश तथाकथित जनयुद्धमा होमिन पुग्यो । त्यसै गरी २०६३ मा आएको गणतन्त्रको अवस्था पनि पुरानै ढर्रातर्फ लाग्नुले पार्टी र नेताहरू अझै पनि जनतालाई भेडा नै ठानिरहेको भान हुन्छ । भ्रष्टाचार संस्थागत हुनु, भ्रष्टाचारीहरूको सम्मान हुनु, राजनीति पदललोलुपता, नातावाद र कृपावादले ग्रसित हुनुले सुशासनको खिल्ली उडिरहेको छ ।

यी यस्ता लक्षणहरू हुन् जसले देशलाई प्रतिगमनतर्फ नधकेल्ला भन्न सकिन्न । आफूलाई कम्युनिस्ट भन्ने तर अमेरिकाको गुलामी गर्ने, एक चीन नीति भन्ने अनि अमेरिकी सेना ल्याएर नेपालमा परेड खेल्न लगाउने सरकारी प्रवृत्तिले नेपालको असंलग्न परराष्ट्र नीतिसमेत भड्खारोमा जाकिन पुगेको छ । अहिलेको सरकारी असक्षम कुटनीतिले गर्दा अमेरिका र चीन दुबै सशंकित बनिरहेका छन् । त्यही मौकाको फाइदा भारतले उठाइरहेको छ र सीमा विवाद समाधान गर्नेतर्फ भारत इच्छुक देखिएको छैन । जनतालाई भेडा ठानी जसरी उनीहरूको समस्याप्रति सरकार र प्रतिपक्ष दुबै संवेदनशील देखिएको छैन, त्यसले ठूलै दुर्घटना निम्त्याउने छाँट देखिँदैछ । सावधान जनतालाई भेडा नठानियोस् । आफ्नै खाडल आफैं खन्ने कार्य नहोस् ।

# नेपालको राष्ट्रियतामाथि गम्भीर खतरा

**घनश्याम ओली**

काठमाडौं । कालापानी नेपालको सुदूरपश्चिमको उत्तरी क्षेत्रमा अवस्थित नेपाल भारत र चीन (तिब्बत) बीचमो सीमा हो । सन् १८१६ को सुगौली सन्धिले काली नदीलाई नेपालको पश्चिम सीमा मानेको छ र कालीनदीपूर्वको भूभागलाई नेपालको भूमि मानेको छ । सन् १९४२ सम्म पनि भारतले आफ्नो कक्षा ३ को पाठ्यपुस्तकमा आफ्नो सीमा कुटी नदी -कालीनदी) नै हो भनेर उल्लेख गरेको थियो । दक्षिण एसियामा भारतको दादागिरीलाई चियो गरिरहेको चीनले उसको औकातलाई लात मार्न सन् १९६२ अक्टोबर २० का दिन भारतको लद्दाखमा चिनियाँ सशस्त्र लालफौजले भारतीय सेनाको दोहोलो काडे । चीनले तत्कालै धाउला क्षेत्रमा पनि प्रहार गरेपछि जवाहरलाल नेहरूले पञ्चशीलको नारा अघि सारे । भारतले आफैं निहुँ खोजेर चीन सीमामा अनावश्यक फौजी गतिविधि देखाउन थालेको थियो । देहरादुनको गोर्खा रेजिमेन्टको जेजु बाहिनीलाई सन् १९५६ मा ताक्लाकोट दक्षिणको नेपाली भूभाग तुलसी न्यु राङमा राखेको थियो जसलाई आज कालापानी नाउँले चिनिन्छ । भारत पहिल्यै लद्दाख क्षेत्रको दौलतबेग ओल्दीमा पाँचौंजाट बटालियन राखेर बसेको थियो । त्यसलाई हराउँदै लालसेनाले दामाचोक जार्ला र चुशुल कब्जा गर्‍यो । चुशुलमा रहेको भारतीय वायुसेनाको सम्पूर्ण विमानभेदी शस्त्र, युद्धजहाज, हेलिकप्टरहरू नष्ट भए । चिनियाँ सेनाले भारतीय सेनालाई लखेट्दै दक्षिणतर्फ अघि बढे । भारतीय सेना धमाधम हतियार बुझाउँदै आत्मसमर्पण गर्न थाले । चिनियाँ प्रधानमन्त्री चाउएनलाइले भारतीय प्रम नेहरूलाई प्रस्ट रुपमा सन्देश पठाए हाम्रा लालफौज बिहानको खाना देहरादुनमा खानेछन् र रात्रिको भोज नयाँदिल्लीमा गर्नेछन् । तत्कालै चीनले असम क्षेत्रमा हमला गर्‍यो । नेहरूले कस्मिरमा तैनाथ गोर्खा रेजिमेन्टलाई अरुणाचल र असममा तैनाथ गरे । तर चिनियाँ फौजले गोर्खा रेजिमेन्टलाई हरायो । पूर्व पश्चिमको २४ हजार वर्गमाइल क्षेत्र गुमाउँदै सन् १९६३ जनवरी २१ मा भारतले युद्धविरामको सहमति गर्‍यो ।

सन् १९६२ मा भारतीय शासकहरूले कालीनदीको नक्कली मुहान सिर्जना गरेर नेपालको १९६०० हेक्टर भूमिलाई

**कालापानी पर्यटकीय र व्यापारिक हिसाबले नेपालको अत्यन्तै महत्वपूर्ण र बहुपयोगी स्थल हो । यातायात सेवा पुर्‍याउन सकेमा तिब्बतको रमणीय पर्यटकीय स्थल ताक्लाफाँटसम्म जान र रेशममार्गमार्फत युरोपसँग व्यापार सम्बन्ध कायम गर्न कालापानी अत्यन्त सस्तो र भरपर्दो नाका बन्न सक्छ ।**

कब्जामा लिएर नक्कली सीमा स्तम्भ खडा गरे । त्यसबाट नेपालको कुटी गुन्जी र गुदी गरी तीन गाउँलाई भारतले आफ्नो बनायो । सन् १९६२ देखि भारतले नेपाली भूमि कालापानीमा अत्याधुनिक हतियारसहितको हजारौंको संख्यामा आफ्ना सैनिकलाई तैनाथ गरी नेपाली भूभागलाई भारतीयकरण गरेको छ । कालापानी पर्यटकीय र व्यापारिक हिसाबले नेपालको अत्यन्तै महत्वपूर्ण र बहुपयोगी स्थल हो । यातायात सेवा पुर्‍याउन सकेमा तिब्बतको रमणीय पर्यटकीय स्थल ताक्लाफाँटसम्म जान र रेशममार्गमार्फत युरोपसँग व्यापार सम्बन्ध कायम गर्न कालापानी अत्यन्त सस्तो र भरपर्दो नाका बन्न सक्छ । पञ्चायती कुशासनलाई भारतबाट अनुमोदन गराउन खातिर कथित राष्ट्रवादी कहलिएका राजा महेन्द्रले कालापानीको स्वामित्व लिनेबारे कहिल्यै पहल गरेनन् । सन् १९६४ मे १६ मा नेहरूको निधन भयो । चीनसँग डराएको नयाँदिल्लीले कालापानी छोडेन । महेन्द्रपछि राजा बनेका वीरेन्द्र, ज्ञानेन्द्रले पनि कालापानीको सन्दर्भ भारतसँग कोट्याउन चाहेनन् । तर वर्तमान केपी ओली नेतृत्वको सरकारले कालापानीलाई समेटेर नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्सा सार्वजनिक गर्दै प्रयोगमा ल्याएको छ । यद्यपि भारतले अझै कालापानीमाथिको आफ्नो अतिक्रमणलाई वैधता दिने प्रयत्न गर्दै नेपालको नक्सालाई अस्वीकार गरेको छ ।

नेपालको राष्ट्रियता सार्वभौमिकता र क्षेत्रीय अखण्डताको संरक्षणको निम्ति नेपाली जनताले चलाएको संघर्षको इतिहास गौरवमय र वीरतापूर्ण छ । सन् १८१४-१६ सम्म नेपाल राष्ट्रको रक्षाको निम्ति हाम्रा पुर्खाहरूले गरेको संघर्षले अहिले पनि विश्वसामु बहादुर गोर्खालीको नामले नेपालीहरूलाई चिनाउने गरेको छ । सुगौली सन्धिका कारण पूर्वमा टिस्टा र पश्चिम काँगडासम्म फैलिएको विशाल नेपालले ठूलो भूभाग गुमाउनु पर्‍यो । हामी नेपालीहरू मेची र महाकालीमा सीमित हुन विवश भयौं । सन् १९५० को नेपाल भारतबीचको शान्ति तथा मैत्री सन्धिको धारा ८ मा उल्लेख छ- त्यो सन्धिले नेपाल र ब्रिटिस भारतबीच भएका सबै सन्धि सम्झौता प्रतिज्ञापत्रलाई खारेज गरेको छ । तर भारतले सन् १९५० अघिका कुनै पनि सन्धि सम्झौता खारेज गरेको छैन । सन् १८१६ को सुगौली सन्धि १९२३ को नेपाल ब्रिटेन शान्ति सन्धि, १९४७ को त्रिपक्षीय सन्धि आदि अझै ज्युँदै छन् । १९५० को सन्धि पूर्णरुपले कार्यान्वयन गरिएको भए नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म पुग्ने थियो । नेपाल र भारतबीचको सम्बन्ध पुनरावलोकनका लागि प्रबुद्ध व्यक्ति समूह गठन गरिएको छ । सन् १९५० को सन्धिदेखि अहिलेसम्मका सबै सहमति र सम्झौताको अध्ययन, मनन र अनुसन्धान विश्लेषण तथा अन्तर्क्रिया गरी सरकारलाई सुझाव पेस गर्ने काम समूहलाई सुम्पिएको छ । १९५० को सन्धिबाहेक व्यापार पारवहन, सीमा व्यवस्थापन, जलस्रोत, सीमावर्ती बाँध आदि मुख्य छन् । १९५० को सन्धि पुनरावलोकन, समायोजन, अद्यावधिक मात्र गर्ने विषयमा थुप्रै द्विपक्षीय छलफल भएका छन् । निचोड आउन बाँकी नै छ ।

दक्षिण एसियामा आफ्नो विस्तारवादी तथा प्रभुत्ववादी चरित्र प्रदर्शन गर्दै आएको भारतीय शासक गुट नै नेपालको राष्ट्रियतामाथि गम्भीर खतरा बनेर उभिएको छ । नेपालभित्रका नदीनाला, प्राकृतिक साधन र स्रोतमाथि एकलौटी आधिपत्य र हैकम कायम गर्न भारतीय शासक वर्गले नेपाली शासकहरूलाई भरपर्दो साधनको रुपमा उपयोग गर्दै आएको छ । नेपाली शासकहरूले विदेशी शक्तिका अघि घुँडा टेक्ने आत्मसमर्पणवादी नीति व्यवहारले नेपाली राष्ट्रिय अस्मिता लुटिएको हेर्न नेपाली जनता बाध्य छन् । कालापानी मात्र होइन भारतले अतिक्रमण गरेका सुस्ता लगायतका दर्जनौं भूभागमाथि नेपालको स्वामित्व कायम गर्न जनता उठ्नैपर्छ ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-८



सुदर्शन प्रधान

पृथ्वीनारायण शाह सिन्धुलीगढीको घट्ना पछि क्रिश्चीयन धर्मवालम्वी प्रति पनि कठोर बने । तथापी हाम्रो आंकलन छ, उनले पहिला सार्वजनिक गर्दै भने, “क्रिश्चीयन धर्म मान्नेहरू अवदेखी हिन्दु धर्म मान्ने बन्नु, त्यसो नभए यो देश छोडेर हिड्नु, त्यसो पनि नभए मर्न तयार हुनु ।”

साँच्ची नै त्यसपछि “काठमाडौं उपत्यकामा बाँकी भएका क्रिश्चीयनहरू सबैलाई समातेर उपत्यकाको पश्चीममा पर्ने मातातिर्थ देखि चन्द्रागिरी डाँडा सम्मको गोरेटोको दुवै तर्फका रुखहरूमा बाधेर क्रस आकारको फल्याकमा राखि मारिएका थिए ।” प्रोफेसर, माणीकलाल श्रेष्ठ भन्नु हुन्छ, “यसवारे एक फ्रेन्च इतिहासकारले विस्तृत लेखेका छन् ।”

युद्धमा प्राय विपक्षीहरूलाई कमजोर पार्न र आफू विजय बन्न आफ्नो प्रतिद्धन्दीहरूलाई आर्थीक, भौतिकरुपले विनाश गर्न खोज्छन् । भर्खर १४ वर्ष अघीसम्म नेपालको नेकपा (माओवादी) जनयुद्धलाई ध्वस्त पार्न तत्कालिन शाही सेनाले केकेसम्म गरेनन् र काठमाडौं कै घटनालाई लिऔं ! महाराजगन्ज स्थित भैरवनाथ गणमा राखिएका माओवादी झण्डै १०० जनालाई काठमाडौं शिवपुरी जंगलमा लगी मारेर जलाएको र काभ्रे जिल्लाको दोरम्वामा विहानको खाना खाईरहेका माओवादी योध्दाहरूलाई घेरा हाली शाही सेनाले आत्मा समर्पण गरेका ति झण्डै ३० जना जनमुक्ति सेनाहरूलाई बाँधेर जंगलमा लगी गोली हानी मारेका थिए ।

यो हत्या काण्डमा संलग्न शाही सेनाका मेजरले अमेरिकामा संरक्षण पाएको बुझिन्छ । त्यसरी नै माओवादीले पनि गुप्तचरको आरोपमा विपक्षी नेपाली कांग्रेस र तत्कालिन ने.क.पा.( एमालेका) केहि कार्यकर्ताहरू विभत्स रुपले मारिएको यथार्थता छन् । “युद्ध र प्रेममा सबै कुराहरू वैध हुन्छन्” भन्नुको मूलकारण यस्तै भएर हो ।“ आफ्ना सम्पूर्ण शक्ति र श्रोतहरू बचाउ ! दुश्मनको सम्पूर्ण शक्ति र श्रोतहरू नष्ट गर !” यसको सुत्र हो ।

आज अमेरिकाले विश्वको कुनाकुना आफ्ना सैन्य क्याम्पसहरू स्थापना गरेका छन् र कैयौं राष्ट्रहरूमा आकाशबाट वमगोला वर्षउदै युद्ध पनि गरेका छन्, विश्वव्यापी आफ्नो हैकम र हुकुमको लागी । दोस्रो महायुद्ध (१९४५) यता विगत ७४ वर्षमा सामाजिक साम्राज्यवादी रुस सहित अमेरिका र उसका गठबन्धन राष्ट्रका सेनाहरले विश्वभरीको आक्रमणहरू र उनिहरूका राजनैतिक गतिविधीहरूले सिर्जाएको युद्ध र गृहयुद्धहरू अनि त्यसले जन्माएको रोग, भोक र सोकले मात्र न्यूनतम ६ करोड जनताको मृत्यु १२ करोड भन्दा अधिक घाईते, अपाङ्ग र शरणार्थी जीवन बिताउन बाध्य भए ।

यो भनेको दोस्रो महायुद्धमा भएको विनाश भन्दा अधिक हो । (प्रतिक्षा गर्नुहोस्, पक्तिंकारको ईतिहासका केही उत्खनन्हरू लेख । सो विनाशलिलामा व्रिटिस अधिनस्थ गोर्खा राईफल्सका जवानहरूले मलेसिया, बुनाई, फकल्याङ्ग टापु र भारत अधिनस्थ गोर्खा राईफल्सका सिपाहीहरूले भारतभित्रै भएका थुप्रै संघर्ष, आन्दोलन विद्रोहहरू विरुद्ध अनि श्रीलंकामा तालिम विद्रोह दमन गर्न लगायत थुप्रै लडाईहरूमा दशौं लाखको ज्यान लिए, आफू पनि कैयौं मरे । गोर्खा राईफल्स भनेको नेपाली सेनाहरूबाट बन्ने पल्टन हो ।

जेहोस्, अमेरिका र उसका गठबन्धन सेनाहरूले फौजी आक्रमण मात्र हैन कि आफ्ना प्रभाव र पकड मुलुकहरूमा आफ्नो अंग्रेजी भाषा, क्रिश्चीयन धर्म र संस्कृतीहरू प्रत्यक्ष/अप्रत्यक्ष लादेर अरु जनताका भाषा, धर्म र संस्कृतीहरू लोप तुल्याउने गर्दै आएका छन् । तथापी सबै कुराहरू भुलेर यस्तो मुलुकमा लाखौं मान्छेहरू बिसौं लाख, तिसौंलाख खर्च गरेर पनि जान मरिहत्ते गर्छन्, उसको आर्थीक भौतिक सम्पन्नताको कारणले ।

पृथ्वी नारायण शाहलाई सत्तो सराप्ने तर उनै पृथ्वी नारायण शाहले एकिकरण गरेको नेपालको भूभाग कब्जा गर्ने अंग्रेज साम्राज्य र विस्तारवादी भारत सरकारको जागीर खान भनौं सेना (गोर्खा राईफल्स)मा भर्ती हुन जाने र आफ्ना भाई, भतिज, छोरा र भान्जाहरूलाई प्रोत्साहन गर्ने मात्र हैन कि एउटा परम्परा झै स्थापित भएको छ, नेपालका आदीवासी जनजातीहरूमा लाहुरे संस्कृती ।

*(क्रमशः)*

# मैले देखेको १३९ औं विश्व सम्पदा

# न्युयोर्कको टाइम्स स्क्वायर

सुरेन्द्र ढकाल



जापानविरूद्धको युद्धमा अमेरिकी विजयपश्चात टाइम्स स्क्वायरमा भएको विजयोत्सव सभा



न्युयोर्कमा हामीलाई आतिथ्य दिने मित्रहरूको अपार्टमेन्टमा



टाइम्स स्क्वायरमा रहेको ग्लोबको अगाडि सुरेन्द्र




टाइम्स स्क्वायरको पैदलयात्री खण्ड



टाइम्स स्क्वायरमा देखिने विज्ञापनका होर्डिङ बोर्डहरू



टाइम्स स्क्वायरमा मित्र गोपालजीका साथ

इम्पाएर स्टेट बिल्डिङ अवलोकन गरी तल ओर्लंदा झण्डै दिनको १ बजेको थियो। अब दाल भात पकाएर खाने विचार गरी केही खानेकुरा किनमेल गरी हामी पाहुना लागेको अपार्टमेन्टमा पुग्यौं। हामीलाई सत्कार गर्ने मित्रहरू कुरेर बस्नुभएको रहेछ। सबैजना जम्मा भई दालभात तरकारी बनाउनतर्फ लाग्यौं। खाइसक्दा दिनको ३ बजेको थियो। तत्पश्चात् न्युयोर्कको विश्व प्रसिद्ध टाइम्स स्क्वायर अवलोकन गर्ने उद्देश्यले ज्याक्सन हाइटबाट हामी फेरि मानहट्टन नै फर्क्यौं।

## टाइम्स स्क्वायर

यो स्क्वायर मानहट्टनसँगै जोडिएको न्युयोर्कको अन्तर्राष्ट्रिय व्यापारिक जम्काभेट स्थल, पर्यटकीय गन्तब्य, मनोरन्जन स्थल रहेछ जसलाई क्रसरोड्स या द वर्ल्ड पनि भन्दा रहेछन्। अर्को कुरा यो स्क्वायर संसारकै ब्यस्त पैदलयात्री भीड लाग्ने ठाउँ रहेछ। नेपालको सन्दर्भमा भन्नु पर्दा असन इन्द्रचोक जस्तो। ब्रोडवे थिएटर जस्ता विश्वप्रख्यात नाचघरको जमभटस्थल (Hub) को रुपमा पनि यो स्क्वायर चिनिँदो रहेछ। विश्वका प्रख्यात मनोरन्जन उद्योगको रुपमा स्थापित यो स्क्वायरमा वर्षको ५ करोड पर्यटकहरू आवतजावत गर्दा रहेछन्। हरेक दिन यो स्क्वायरबाट पैदल आवतजावत गर्ने पर्यटकको दैनिक संख्या भीड नभएको अवस्थामा ३ लाख ३० हजार र भीड हुँदा ४ लाख ६० हजारसम्म पुग्दो रहेछ।


पहिले यो स्क्वायरको नाम डचहरू आएर बस्दा लोंगएकर (Longacre) राखेका रहेछन् पछि सन् १९०४ टाइम्स विल्डिङ निर्माण भएपछि यसको टाइम्स स्क्वायर नामाकरण भएको रहेछ। हरेक नयाँ वर्षको अघिल्लो दिन डिसेम्वर ३१ तरिखको बेलुका यहाँ महाउत्सव हुने रहेछ जुन बेला यहाँ १० लाखभन्दा बढी मानिसहरू जम्मा हुँदा रहेछन्। नाम स्क्वायर भने पनि यसको आकार भने सुटसँग लगाउने नेकटाई (Bowtie) जस्तो रहेछ। अमेरिकी स्वतन्त्रता संग्रामताका यस ठाउँमा घोडा प्रजनन केन्द्र तथा बग्गी निर्माणस्थल रहेछ। पछि १९ औं शताब्दीको पूर्वार्द्धमा यहाँको जग्गालाई प्लटिङ गरी जोन ज्याकोव भन्ने व्यक्तिले धमाधम होटललाई बेच्न थालेछन् र हेर्दाहेर्दै त्यो ठाउँ विशाल शहरमा परिणत हुन थालेछ र १८७२ मा आइपुग्दा घोडा किनबेचका लागि विश्वप्रख्यात हुन पुगेछ।

सन १९१० तिर यहाँ हिउँदे बगैंचा नाचघर (Winter Garden Theatre) को रुपमा एक सिगार उत्पादक व्यवसायी ओस्कार हार्मस्टाइनले यहाँ ओलम्पिया थियटरको निर्माण गरेका रहेछन्। पछि १९०४ मा यहाँ पहिलो गगनचुम्बी भवन बनेको रहेछ अनि बल्ल त्यस ठाउँको नाम टाइम्स स्क्वायर राखिएको रहेछ। तत्पश्चात् यस ठाउँको यति छिटो विकास भएछ कि यो विश्वको नृत्य संगीत र नाट्यकलाको केन्द्र नै बन्न पुगेछ। वस्तुहरूको होडिङ बोर्डमार्फत विज्ञापन गरेर मात्रै सन् १९२० मा वार्षिक २५ करोड डलर कमाएको यो स्क्वायरले सन १९३० पुग्दा ८५ करोड डलर कमाउने भइसकेको रहेछ।

विश्वविख्यात हास्य कलाकारहरू चार्ली च्याप्लिन, इरभिङ बर्लिन, फ्रेड स्टाएरहरू जोडिएको महँगा महँगा वस्तुका विज्ञापनहरू यही हुँदा रहेछन्। सन् १९३० को विश्व महाआर्थिक मन्दीले यो स्क्वायरलाई नराम्ररी चपेटेको रहेछ। शहरका बासिन्दाहरू यो स्क्वायर छोडी नजिकैको सस्ता ठाउँमा बसाइ सर्न बाध्य भएका रहेछन् भने यहाँ भएका अधिकांश नाचघरहरू बन्द हुन पुगेका रहेछन्।

आर्थिक मन्दीपश्चात् अगष्ट १५, १९४५ का दिन अमेरिकी राष्ट्रपति ट्रुमानले यहाँ जम्मा भएको ठूलो भीडको माझबाट दोस्रो विश्वयुद्धमा जापानमाथि भएको अमेरिकी विजयको घोषणा गरेका रहेछन्। सन १९९० बाट यहाँ भएका सबै नाचघरहरूको जिर्णोद्धार गर्ने कार्यको शुरुवात भएको रहेछ। पछि न्युयोर्क शहरको प्राधिकरण र डिस्नबीच भएको सम्झौताअनुसार यस स्क्वायरमा यौनजन्य वस्तु र देहको व्यवसाय वर्जित गरिएको रहेछ। हामीले करिब दुई घण्टा जति स्क्वायरमा बितायौं। त्यहाँ भएको ग्लोव (सानो पृथ्वी) को अगाडि फोटो खिच्यौं र ढिला साँझसम्म त्यहाँ बिताइ करिब १० बजे अपार्टमेन्टतिर लाग्यौं।

# ३५. २०३२ सालमा संविधान सुधार आयोगमा सुझाव दिन आमन्त्रण



■ शम्भुराम श्रेष्ठ

२०३२ सालमा निर्दलीय पञ्चायती संविधानमा सायद केही आवश्यक संशोधन गर्नुपर्ने महसुस गरेर होला राजा वीरेन्द्रबाट भूतपूर्व प्रधान न्यायाधीश अनिरुद्रप्रसाद सिंहको अध्यक्षतामा एउटा संविधान सुधार आयोग गठन भयो । त्यस आयोगले अन्य प्रतिबन्धित राजनीतिक पार्टीका नेताहरूमध्ये कस कसलाई आयोगमा सुझाव दिन आउन आमन्त्रण गरेको थियो र तिनीहरूमध्ये को को गए को को गएनन् त्यसबारे केही थाहा भएन । किनभने कुनै पनि प्रतिबन्धित पार्टीका नेताले त्यसको समर्थन अथवा विरोधमा कुनै प्रतिक्रिया नै जनाएको देखिएन । जे होस्, संविधान सुधार आयोगबाट मलाई आमन्त्रण पत्र प्राप्त भयो । मलाई किन आमन्त्रण गरियो र कुन उम्मीदले गरियो ? उनीहरूलाई नै थाहा होला । मलाई केही थाहा थिएन । म त्यो कारण जान्न पनि चाहन्न । सुरुमा त अरुहरू गए पनि नगए पनि मैले आफू गएर त्यही आयोगको मञ्चलाई नै निर्दलीय पञ्चायती व्यवस्थाको विरुद्ध प्रयोग गर्ने विचार गरेको थिएँ । तर पछि आमन्त्रण पत्रसँगै गाभिएको पत्रमा सुझाव दिँदा निर्दलीय पञ्चायती व्यवस्थाको परिधिभित्र रहेर दिनुपर्ने र त्यस सीमा बाहिर गएर दिन पाइने छैन भनी लेखिएको पढेपछि म 'जाउँ कि नजाउँ' भन्ने दोधारमा परेँ । अन्तमा मैले त्यो सीमालाई उल्लंघन गरेरै निर्दलीय पञ्चायती व्यवस्थाकै विरुद्ध बोलेर सुझाव दिन जाने निर्णय गरेँ ।

बोलाइएको दिन ठीक समयमै म काठमाडौं सिटी हलस्थित संविधान सुधार आयोगको कार्यालयमा पुगेँ । म पुग्नुभन्दा अगाडि नै आयोगका अध्यक्ष अनिरुद्रप्रसाद सिंहलगायत आयोगका सचिव र सदस्यहरू सबै पुगिसकेका रहेछन् । एकछिन भलाकुसारीपछि अध्यक्षज्यूले 'कार्यक्रम सुरु गरौं' भन्नुभयो । अनि मैले उठेर आफूले लेखेर लगेको सुझाव टेबुलमा राखेँ र अध्यक्ष र उपस्थित सदस्यहरूलाई सम्बोधन गर्दै भने- 'सबभन्दा पहिले, म आफूलाई सुझाव दिन आमन्त्रण गर्नु भएकोमा सिंगै संविधान सुधार आयोगलाई धन्यवाद दिन चाहन्छु । हुन त यहाँहरूको आमन्त्रणलाई स्वीकार गरेरै सुझाव दिन यहाँहरू समक्ष म उपस्थित भएको छु, तर पनि आमन्त्रण पत्रसँगै गाभिपठाउनु भएको पत्रमा उल्लेख भएबमोजिम सीमाभित्र रहेर सुझाव दिन म विल्कुलै असमर्थ छु । यसको लागि मैले क्षमा माग्नैपर्छ । सीमा उल्लंघन गरी मैले दिएको सुझाव आयोगलाई र त्यसमा पनि विशेष गरेर राजा, पञ्चायती शासनलाई उपयोगी ठहरिए अपनाउनु होला र त्यस अवस्थामा मलाई सन्तोष स्वाभाविक रुपले हुनेछ र उपयोगी नठहरिएको खण्डमा रद्दीको टोकरीमा मिल्काइदिए हुन्छ ।

सम्मानीय अध्यक्षज्यू र सदस्यहरू, मुलुकमा यो निर्दलीय पञ्चायती शासन व्यवस्था ल्याई लागू गरिएको पूरै डेढ दशक भयो । यो छोटो समयावधि होइन । काम गर्नेको निम्ति यो लामै कालखण्ड हो । तर यति लामो समय बितिसक्दा पनि यस शासन व्यवस्थाअन्तर्गत मुलुकका राष्ट्रिय, सामाजिक तथा आर्थिक आदि समस्याहरूमा कुनै आधारभूत परिवर्तन भएको छैन । ती मूल समस्याहरू ज्यूँका त्यूँ रहिरहेकै छन् । यी तथ्यबाट नेपाली जनताका चाहना र मुलुकका वस्तुस्थिति र आवश्यकता अनुरुपको शासन व्यवस्था यो होइन भन्ने स्वत: सिद्ध हुन्छ । यसबाहेक यो पञ्चायती शासन व्यवस्थाको संविधानमा सुधार गर्नु अत्यावश्यक भएका महसुस भई यो संविधान सुधार आयोग श्री ५ बाट गठन गरिनु भनेकै वास्तवमा यो निर्दलीय पञ्चायती शासन व्यवस्था नेपाल र नेपाली जनताको हितानुकूल शासन व्यवस्था नभएको बलियो स्वीकारोक्ति पनि हो । अत: आमन्त्रण पत्रसँग गाभिएको पत्रले तोकेको सीमाभित्र रहेर सुझाल दिनु नेपाली जनताको हितको दृष्टिकोणले गलत हुन्छ । हामी पहिले नेपाली हौं, नेपाली जनता हौं, त्यसपछि मात्र निर्दलवादी वा अरु कुनै । यस उसले हामीले जे सोच्दा पनि जे गर्दा पनि त्यसबाट नेपाली जनताको हित वा हानि के हुन्छ भनेर विचार गरेर मात्र गर्नुपर्छ । त्यही सोचेर मैले तोकिएको सीमालाई उल्लंघन गरेर सुझाव दिन चाहेको हुँ । यसमा म मजबुर छु । नलेखी मौखिक मात्र अर्थात् एक्सटेम्पो बोलेकाले यसको रेकर्ड टेपको रुपमा आयोगसँग मात्रै छ । त्यसैले यसको एउटा टेप रेकर्ड मलाई उपलब्ध गराइदिन म आयोगसँग मात्रै छ । त्यसैले, यसको एउटा टेप रेकर्ड मलाई उपलब्ध गराइदिन म आयोगसँग अनुरोध गर्दछु । यसरी एक्सटेम्पो बोलिसकेपछि मैले आफूले लेखेर ल्याएको सुझावसम्बन्धी प्रतिलिपि आयोगसमक्ष प्रस्तुत गरेँ, जसमा मैले मूलत: दुइटा कुरामा जोड दिएको थिएँ । ती दुइटा कुरा हुन् :

(१) हाल नेपालमा विद्यमान निर्दलीय पञ्चायती शासन व्यवस्था नेपाल र नेपाली जनताका लागि काम लाग्ने व्यवस्था होइन र त्यसैले यो निर्दलीय पञ्चायती संविधानलाई परित्याग गरी अर्कै नेपाल र नेपाली जनताको निम्ति काम लाग्ने राजनीतिक शासन प्रणाली अपनाउनुपर्छ र

(२) नेपाल एउटा सानो मुलुक भए पनि यहाँ परापूर्वकालदेखि जाति जनजातिहरूले बसोबास गरिआएको र तिनीहरूको थुप्रै भाषाहरू बोलिँदै आएको हुनाले तिनीहरू सबैलाई समान अधिकार र समान मान्यता प्रदान गरी नेपाली जनराष्ट्रिय सभा (संसद) लाई जातीय सदन र जनप्रतिनिधि सदन गरी दुई सदनीय बनाउनुपर्छ । नेपालको राजनीतिक इतिहासमा नेपालका जाति जनजातिहरूलाई समान अधिकार र समान मर्यादा दिनुपर्ने कुरामा विशेष जोड दिई त्यसलाई संस्थागत गराउनुपर्ने कुरा उठाइएको यो पहिलो घटना हो । मैले संविधान सुधार आयोगमा प्रस्तुत गरेको लिखित सुझाव जस्ताको त्यस्तै कृष्णप्रसाद शिवाकोटीको सम्पादकत्वमा प्रकाशित हुने 'ज्वाला' साप्ताहिकमा प्रकाशित भएको थियो भने निर्दलीय पञ्चायती शासन व्यवस्था नेपाल र नेपाली जनताको निम्ति काम नलाने भएकाले त्यसलाई मिल्काई अर्कै राजनीतिक प्रणाली अपनाइनुपर्छ भन्ने कुरालाई मात्र पन्छाएर अरु जस्ताको तस्तै गोविन्द वियोगीको सम्पादकमा प्रकाशित हुने 'मातृभूमि' साप्ताहिकमा पनि छापिएको थियो ।

सम्पादक गोविन्द वियोगी, तुल्सी गिरीको मान्छे भएकाले एक दिन तुल्सी गिरीसँग मेरो भेट हुँदा यसै कुरालाई लिएर नै उनीहरू दुवै जनालाई झपार्नु परेको थियो । उपरोक्त संविधान सुधार आयोगले २०१९ सालको निर्दलीय पञ्चायती संविधानमा के कस्तो सुधार गर्नुपर्छ भन्ने सुझाव राजासमक्ष प्रस्तुत गर्‍यो त्यसबारे आयोगले जनसमक्ष कुनै कुरा राखेन । न त राजा वीरेन्द्रबाटै संविधान सुधारबारे कहिल्यै कुनै शाही घोषणा नै भयो ।

कविता

## डुबाएरै गयौ

सम्झना ओली



सम्झनाको बस्तीहरूबाट म हराएको बेला
सुनेनछौ तिमीले पनि म कराएको बेला ।

मेरो कुरा सुन्दासुन्दै आज पक्कै थाकेछौ
अनायासै दिलभित्र अरु कसैलाई राखेछौ ।

आज त आफन्त बनेर रुवाएरै गयौ
बिना दोष मलाई जहर खुवाएर गयौ

म त तिम्रो प्यारमा अन्धो थिएँ
फूल भनी काँडा छुवाएर गयौ ।

भरोसामै जीवन सुम्पेको थिएँ प्रिय
तारिदिन्छु सागर भनी आज डुबाएरै गयौ


कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- आत्महत्याको जोखिपूर्ण वर्गको पहिचान गरी मनोसामाजिक परामर्श प्रदान गरौँ ।
- सकारात्मक विभेदको नीतिको आधारमा गरिबीको रेखामूनीको वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गरौँ ।
- स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको दायरा अभिवृद्धि गरौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# नेपाली पद्य साहित्यका मूर्धन्य साधक अब सम्झनामा मात्र

डा. त्रिलोचन उप्रेती

माधवप्रसाद घिमिरेको जन्म १९७६ सालमा लम्जुङको पुस्तुनमा भन्ने ठाउँमा पिता गौरीशङ्कर र माता द्रौपदीदेवीका पवित्र कोखबाट भएको हो । घिमिरे नेपाली साहित्यका विशिष्ठ प्रतिभा हुन् । नेपाली साहित्य मात्र होइन समग्र कलासंस्कृतिका बौद्धिक सम्पदा थिए घिमिरे । नेपाली साहित्यका युगपुरुषमध्ये माधव घिमिरेको नाम अग्रस्थानमा आउँछ । उनी छन्दोबद्ध कविता, काव्य र गीतिनाटक सिर्जनाका क्षेत्रमा अद्वितीय प्रतिभा हुन् । उनका तोते बोली, बाला लहरी, विजुले र विजुला जस्ता बालकविता कृति प्रकाशित छन् । चैत-वैशाख उनको उत्कृष्ट छन्दोबद्ध कवितासंग्रह हो । कोमल एवम् लयात्मक भाषामा श्रुतिमधुर एवम् प्रतीकात्मक कविता लेख्ने घिमिरे लेखनाथ पौडेलको परिष्कारवादी धारा र लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी भावधारागत प्रवृत्तिलाई सन्तुलित ढङ्गले अगाडि बढाउने कविका रूपमा चिनिन्छन्। त्यसैले उनलाई पौड्याल र देवकोटाका उत्तराधिकारी कवि, स्वच्छन्दतावादी कवि र परिष्कारवादी कवि भनिन्छ ।

उनको लय, विम्ब अलङ्कार सामर्थ्य उनको पुस्ताका, अघिल्लो पुस्ताका र आजका पुस्तामा पनि कमै पाइन्छ । उनी शास्त्रीय लयमा बगून् कि लोकलयमा उनी नेपाली कविताका अविराम कोइली हुन् ।

कवि घिमिरेका राष्ट्रिय भाव एवम् मिलन विछोडजन्य मानवीय भावका गीत र कविताहरू आम नेपाली जनजिब्रोमा झुण्डिएका छन् ।

माधव घिमिरे नेपाली साहित्य जगतका यशस्वीपुरुष हुन् । गीत, कविता, काव्य र गीतिनाटक रचनामा समानान्तर रेखामा अगाडि बढ्दै नेपाल प्रज्ञाप्रतिष्ठानको कुलपति र राष्ट्रकवि बन्ने सौभाग्य घिमिरेलाई जीवनका उत्तरार्द्धमा मिल्यो । निरन्तर कविता आराधना र साधनाले उनलाई दीर्घ साधक र दीर्घजीवी स्रष्टा पनि बनायो ।

राष्ट्रकवि घिमिरेले नेपाली सांगीतिक क्षेत्रलाई पनि कालजयी कर्णप्रिय गीतहरू दिएका छन् । उनका गीतहरूमा राष्ट्रियता, प्रेम, भावना, पोखिएका छन् । राष्ट्रकविको शब्दमा सजिएको 'गाउँछ गीत नेपाली ज्योतीको पंख उचाली'ले सिंगो देशलाई नै एक सुत्रमा वाध्ने काम गरेको छ ।

घिमिरेको शब्दमा समावेश 'फूलको थुंगा' बोलको गीत आज पनि दर्शक तथा श्रोताको मनमा बस्न सफल छ । तारादेवीको स्वरमा समावेश यो गीतमा नातिकाजीले संगीत भरेका थिए ।

राष्ट्रकविले नै कोरेका 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे' गीतले देशप्रतिको सम्मान र प्रेम बोल्छ । गीतमा 'तराई हाम्रो सुनका टुक्रा, हिमाल हिरा हो, माटो र पानी पहिलो धन धर्तीका छोरा हो' भनिएको छ ।

घिमिरेले नै कोरेका 'सारङ्गी त रेटेपनि' बोलको गीत सर्वाधिक लोकप्रिय बन्यो । राष्ट्रकविका 'लाग्दछ मलाई रमाइलो, आजै र राती के देखेँ सपना, आज भोली दुख्दै, पानी सिमसिम बर्सिएर' लगायतका गीतहरू श्रोताको मनमा सधैं नै ताजा रहनेछन् ।

संस्कृत काव्यशास्त्रीय लयका वर्णमात्रिक छन्दशिल्पी एवम् लोकलयका अनेक लयसापेक्ष गीतिकविता सिर्जना गर्ने घिमिरेले गीत र कविताबाटै चर्चित काव्य र नाटक रचना गरेका छन् । विसं १९९२ मा १४ वर्षको उमेरमा 'ज्ञानपुष्प' शीर्षकको कविता गोरखापत्र पत्रिकामा प्रकाशन गरी सार्वजनिक काव्ययात्रा आरम्भ गरेका घिमिरे आज पनि ऋतम्भरा शीर्षकको महाकाव्य रचना गरिरहेका छन्। ९९ वर्षको आयुभर प्रायः हरेक दिन साहित्यिक कार्यक्रममा सहभागिता जनाउँदै सक्रिय जीवन व्यतित गरेका यी काव्य शताव्दी पुरुष अहिले केही कम भए पनि सार्वजनिक समारोहमा पनि पुग्ने गरेका छन् ।

उनका गौरी, राजेश्वरी, राष्ट्रनिर्माता, इन्द्रकुमारी बोराको पर्दा र राहुल यशोधरा जस्ता काव्यहरू साहित्यिक जगत्मा मात्र होइन साक्षर नेपालीका मनमनमा कण्ठस्थ बनेर रहेका छन्। उनका शकुन्तला, मालतीमङ्गले, विषकन्या, हिमालवारि हिमालपारि, अश्वत्थामा, देउकी र बालकुमारी जस्ता गीति एवम् काव्यनाट्य कृतिहरू नेपाली साहित्यका नाट्य परम्परामा त्यत्तिकै जीवन्त बनेर रहेका छन् । चैत-वैशाख उनको प्रतिनिधिमूलक वितासङ्ग्रह हो भने उषाचरित्र, नवमञ्जरी, चारूचर्चा आदि कविता र गीतका साथै घामपानी, सुनपङ्खी चरी, बिजुला र बिजुलीलगायत बालकविताका थुप्रै कृति आआफ्ना मूल्य सामर्थ्यसाथ प्रकाशित छन् । दुर्गा सप्तशती, नागानन्द, मनचिन्ते मुरली आदि उनका अनुवाद र आख्यान कृतिहरू पनि जीवन्त छन्। उनको यो बहुमुखी सिर्जन सामर्थ्य उच्च परिष्कार सामर्थ्यका साथ सार्वजनिक भएको देखिन्छ ।

घिमिरे नेपाली कवि लेखकहरूमध्ये सर्वाधिक सम्मान र पुरस्कार पाउने कवि पनि हुन्। युवावस्थादेखि नै योग्यताअनुसार प्रतियोगितामा जितेर सम्मान पुरस्कार पाउँदै आएका घिमिरेलाई जीवनका पछिल्ला प्रहरमा राष्ट्रिय गरिमापूर्ण पुरस्कार प्राप्त छन् । उनी प्रज्ञाप्रतिष्ठानको आजीवन सदस्यका साथै राष्ट्रकविका रूपमा सर्वमान्य छन् । उनको समग्र योगदानको मूल्याङ्कन गर्दै २०७२ सालमा त्रिभुवन विश्वविद्यालयले महाविद्यावारिधि उपाधिबाट विभूषित गर्‍यो । उनका रचनामा रहेको राष्ट्रियतालाई बोध गरी २०७४ सालमा नेपाली सेनाले मानार्थ सहायक रथिको उपाधि प्रदान गर्‍यो । उनका विषयमा विद्यावारिधि शोधको संख्या पनि झन्डै दर्जन पुगिसकेको छ । एउटै स्रष्टामा यतिविधि फरक-फरक सम्मान नेपाली साहित्यका इतिहासमा अपूर्व घटना हो ।

राष्ट्रकवि घिमिरे र नेपाली कविता

कवि शिरोमणि लेखनाथ पौड्यालको परिष्कारवादी शैली तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी भावधाराको समीकरण गरेर सुन्दर, स्तरीय र चिरस्मरणीय कविता, गीत र खण्डकाव्य सृजनामा घिमिरेले अद्वितीयता प्राप्त गरे। त्यसैले उनी लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाका एकल, सशक्त, प्रभावशाली र विशिष्ट उत्तराधिकारीका सुपरिचित रही नेपाली महिमाशाली काव्य सृजनमा शीर्षस्थ रहिरहे। उनको निधनले नेपाली काव्यको एक महत्वपूर्ण युगको अन्त्य भएको छ। लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाकै साहचर्य र गुरुकुलबाट दीक्षित बनेका कवि घिमिरेले पूर्वीय (संस्कृत) पद्धतिको सर्वदर्शन विषयमा शास्त्री (स्नातक) सम्म अध्ययन गरी पेसाका रूपमा शिक्षण-प्राध्यापन तथा केही समय पत्रकारितासमेत गरेर आफूलाई व्यवहार कुशल बनाउन सफल बने। लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाजस्ता काव्यमनीषिहरूकै गोरेटोमा हिँडेर आफ्नो मौलिक मार्ग निर्माण गर्ने सफलता प्राप्त गरे। राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा-सम्मेलनमा सहभागी भएर विशिष्ट राष्ट्रिय चेतना र विश्वबन्धु चेतनालाई आत्मसात् गरे। आफूले कवितामा दर्शनको भूमिका सामान्य रहने बताए पनि उनका प्रत्येक रचनाको दार्शनिक धरातल विशिष्ट खालको रहेको हुन्छ।

राष्ट्रकवि घिमिरे महाकवि देवकोटापछिका विशिष्ट खण्डकाव्यकार हुन्। उनका शास्त्रीय र लोकछन्दमा रचित ९ वटा खण्डकाव्य पापिनी आमा, नयाँ नेपाल, गौरी, राजेश्वरी, राष्ट्रनिर्माता, धर्तीमाता, गौंथली र गजधम्मे, बोराको परदा र इन्द्रकुमारीमध्ये पत्नी शोकमा रचित गौरी उनको सर्वाधिक लोकप्रिय खण्डकाव्य हो। ऐतिहासिक पृष्ठभूमिका राजेश्वरी र राष्ट्रनिर्माताले मानवीय मूल्य र जीवनबोध तथा राष्ट्रिय अखण्डताको अपरिहार्यतालाई सौन्दर्यपूर्ण शैलीमा प्रस्तुत गरेका छन्। अधिकांश फुटकर कविता सर्वग्राह्य बनेका छन्। घिमिरेको गीतकार व्यक्तित्व सर्वोपरि छ।

नेपाली प्रकृति, समाज, संस्कृति र मानवीय संवेदनालाई सहज, सरल शब्दशैलीमा उनेर प्रस्तुत गर्ने कलामा घिमिरे माहिर बनिरहे। नेपाली लोकलयलाई साहित्यिक उचाइ प्रदान गर्ने कार्यको प्रारम्भ मुनामदनमार्फत् महाकवि देवकोटाले गरे भने राष्ट्रकवि माधवप्रसाद घिमिरेले त्यसलाई सूक्ष्मता र व्यापकता दुवैपक्षबाट उच्चता प्रदान गर्ने अपूर्व सफलता प्राप्त गरे। आफ्नो जन्मस्थल र बाल्यकाल बितेको



पहाडी, हिमाली पृष्ठभूमि र त्यहाँको प्रकृति, संस्कृति, लोकधुकधुकीलाई उनले सदैव आत्मसात् गरिरहे। त्यसैले घिमिरेका कविता, गीत सबै नेपालीका धुकधुकी बन्ने गरेका हुन्। माधव घिमिरे मिठो शैलीमा भाषण गर्थे। मञ्चमा उभिएपछि घण्टौं श्रोतालाई मन्त्रमुग्ध पारेर लठ्याउँथे, कविताको व्याख्या गर्थे। कविताका लागि छन्द र लयको अपरिहार्यताको वकालत गर्थे। उनले मुक्त लय (गद्य शैली) मा कविता लेखेनन्। तर कथालेखनमा प्रवेश मात्र गरे पनि उनको निबन्ध लेखन शैली विशिष्ट प्रकारको र अभिरुचिपूर्ण लाग्दछ। 'चारुचर्चा' र ' आफ्नो बाँसुरी आफ्नै गीत' जस्ता सङ्ग्रहले यस कुराको पुष्टि गर्दछन्।

वि.सं. १९९४ को 'नवमञ्जरी' शीर्षकको भक्ति र वैराग्यपरक कविता सङ्ग्रहपश्चात् चैत वैशाख (२०६०) कविता सङ्ग्रहमा कवि घिमिरेले आफ्ना सबै लोकप्रिय कविता समेटेका छन्। 'किन्नर किन्नरी ' मा उनका एक सय पचासवटा गीतहरू संकलित छन्। उनी लोकप्रिय गीतकार पनि हुन्। शास्त्रीय छन्द र लोक छन्दलाई सहजता, सरसता र सरलता साथ नेपाली जनमानसमा प्रवाहित गर्न उनको विशिष्ट भूमिका रह्यो। नेपाली बालसाहित्य सृजनामा पनि घिमिरेको भूमिका विशिष्ट रहेको छ। घामपानी, बालालहरी, सुनपङ्खचरी र बिजुले र बिजुलालगायतका बालकविता गीतसङ्ग्रहहरूमा उनका अत्यन्त प्रियबाल सामग्री संकलित छन्। बालरुचि, स्तर र मनोभावलाई समेट्न सिपालु कविका बाल रचनाले कीर्तिमान कायम गरेका छन्।

घिमिरेको काव्यलेखनको सर्वाधिक महत्वपूर्ण प्रवृत्ति भनेको राष्ट्रिय चिन्तन हो। नेपाल राष्ट्र, नेपाली संस्कृति, नेपाली जाति, नेपाली प्रकृतिको गौरव र राष्ट्रिय अखण्डतालाई सर्वोपरि महत्व दिने स्रष्टा घिमिरेको काव्य सृजन यसर्थ उत्कृष्ट बन्न पुगेको हो। नेपाली प्रकृति, संस्कृति, इतिहास, आदर्श, सभ्यता, जातीयताकै गुणगान गाएर मानवीय जीवनमूल्यको वकालत अनि रहस्यतर्फ सङ्केत गरेर अमूल्य कृतिहरू नेपाली वाङ्मय जगत्मा सुम्पने सफलता प्राप्त गरेका राष्ट्रकवि घिमिरेको निधनसँगै नेपाली कविता काव्यको शीर्षस्थ युगको अन्त्य भएको छ। वि.सं. २०१६ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको तथा वि.सं. २०२२ मा कवि शिरोमणि लेखनाथ पौड्यालको निधनपश्चात् नेपाली काव्यजगत्को घिमिरेले साढे पाँच दशक (५५ वर्ष) कुशलतापूर्वक नेतृत्व गरिरहे ।

घिमिरेका कविताले आफ्नै स्तम्भ बनाएका छन्- अरूका कवितालाई होच्याउन होइन, सँगसँगै हातेमालो गरेर नेपाली कविताको गरिमा कायम राख्न। उनले जानेर गरेका थिए भन्नु अतिशयोक्ति होला तर उनको काव्यपथले त्यही मार्ग लियो जसलाई नेपाली वाङ्मयले सधैं गर्वका साथ लिनुपर्ने हुन्छ। र, भन्न सकिन्छ- नेपाली कवितालाई अग्ल्याउन उनले गरेको कर्म र उनको कविताको स्कुलको संस्थापक उनै हुन्। काव्यको मर्म बुझ्नेहरू भन्छन्- उनका कविता उनकै गाउँ लमजुङको पहाडी मूलबाट रसाएका झरनाका कञ्चन पानी हुन्। बहुचर्चित 'गौरी' र माधव घिमिरे-दुई पदार्थलाई नेपाली कविताका पारखीले मस्तिष्कमा यसरी हुलेका छन् कि पारखीको मस्तिष्कबाट कवि र कविता कसैगरी बाहिर निस्कँदैनन्।

'ऋतम्भरा' महाकाव्यमा साधनारत घिमिरे पछिल्ला केही वर्षमा अपवादबाहेकका साहित्य महोत्सव वा सार्वजनिक कार्यक्रममा देखिएनन्। उनलाई भेट्ने रुचि भएकाहरू उनको घरै पुग्थे। घरैमा गएर सम्मान दिन्थे, लिन्थे। उनको घरमा दिनहुँजसो सेल्फी खिच्ने, अन्तर्वार्ता गर्ने र फोटो सेसन गर्नेहरूको ताँती लाग्थ्यो। कहिल्यै झर्को नमानी उनी काँपेको स्वरमा काँपेकै हात हल्लाउँदै बोलिरहन्थे।

घिमिरेको काव्य-संसार धेरै नेपालीको हृदयमा छ। घिमिरे नेपाली कविताका 'टावरिङ पर्सन' मध्ये एक बनिसकेका छन्। कविता-लेखनमा अब घिमिरेझैं 'पर्सनालिटी' बनाउने सपना कसैको हुन सक्छ। तर, त्यसको जिम्मा समयले लिन्छ। हुन पनि उचो स्थानमा पुग्न चाहनेहरू पुग्लान् तर काव्यमर्मरहित भएर ओर्लिनुपर्ने सम्भावना पनि प्रबल रहन्छ।

पटक-पटक बिरामी हुँदा पनि, हात थरथर काँपिरहे पनि घिमिरेको कलम कामेको थिएन। काठमाडौं लैनचौरस्थित निवासमा परिवारसँगै बसेर उनी निरन्तर साहित्य साधनामा थिए। उनले आफ्ना कवितामा अनेक ऐतिहासिक मानिसमाथि लेखेका छन्। समीक्षकहरू त्यसलाई उनको आविष्कारझैं ठान्छन्। 'राष्ट्रनिर्माता' मा पृथ्वीनारायण शाह, 'राजेश्वरी' मा नेवार सभ्यताकी राजेश्वरी, 'मालती मंगले' मा कमारी मालती र कमारो मंगलेलाई स्केच गरेका छन् उनले। मालती र मंगलेको अनुहारमा हामी कुनै बेलाको समयको प्रतिबिम्ब देख्न सक्छौं र अहिले पनि त्यसको बाछिटा महसुस गर्न सक्छौं।

प्रकृति र जीवनमाथि उनले गरेको काव्य-सिर्जनाले भन्छ- शब्द र सौन्दर्यलाई सुन्दर बनाउनु उनको एक मात्र अभिष्ट हो। उनका काव्यिक बिम्बमा सौन्दर्यको ताजा सास भेटिन्छ। राष्ट्रकवि माधवप्रसाद घिमिरेले मृत्युलाई उत्सवका रूपमा वर्णन गर्दै एउटा गीत लेखेका थिए- त्यसरी होस् मरण, त्यसरी होस् मरण ...

२०१६ असोज १ गते लेखिएको यो गीत घिमिरेको 'किन्नर किन्नरी' पुस्तकमा प्रकाशित छ। आधुनिक सेलोमा रचिएको यो गीत संगीतबद्ध गरेर आफ्नो मृत्युपछि बजाइयोस् भन्ने राष्ट्रकविको अन्तिम इच्छा थियो। उनले आफ्नी जेठी छोरी शान्ति शर्मा अधिकारीलाई भनेका थिए, 'यो गीत तिमीहरू संगीतबद्ध गरेर राख्नू । मलाई सुनाउनु पनि पर्दैन। जब मेरो मृत्यु हुन्छ, त्यसपछि यसलाई सार्वजनिक गर्नू ।'

# इजरायल-प्यालेस्टाइन संघर्ष द्विराज्य सिद्धान्तको लडाइँ



विष्णु भट्टराई





अमेरिकाले मध्यपूर्व अर्थात् पश्चिम एसियामा आफ्नो प्रभाव विस्तार गर्दै लगेको छ । इरान र सिरियाबाहेक अन्यत्र मुलुकमा अमेरिकी प्रभाव रहेको देखिन्छ । मध्यपूर्वका राष्ट्रहरू एकले अर्कोलाई सिध्याउन अमेरिकासँगै महँगो मूल्यमा अत्याधुनिक हतियारहरू खरिद गरेर हतियारको होडबाजी गरिरहेका छन् । अमेरिकाले मध्यपूर्वी राष्ट्र इजरायललाई बलियो बनाउँदै सम्पूर्ण मध्यपूर्वमा इजरायलमार्फत आफ्नो प्रभुत्व कायम गर्न खोजिरहेको छ । इजरायललाई ठूलो मात्रामा आर्थिक सहयोग गर्ने वैज्ञानिक प्रविधि हस्तान्तरण गर्ने र लामो तथा छोटो दूरीका हतियारहरूले सुसज्जित गर्ने काम अमेरिकाले गरिरहेको छ । इजरायल मध्यपूर्वका लागि मिनी अमेरिका नै बनेको छ । इजरायलले स्वतन्त्र राष्ट्र प्यालेस्टाइनको भूभाग मात्र कब्जा गरेको छैन अर्को छिमेकी देश सिरियाको गोलनहाइटसमेत कब्जा गरेको छ । मूलतः यहुदी बहुलराज्य इजरायल इतिहासमा धेरै पछि मात्र अस्तित्वमा आएको हो । यहुदीहरूले प्यालेस्टाइन भूमि कब्जा गरी आफ्नो जातीय राज्य इजरायल खडा गरे र त्यसलाई अमेरिकाले सर्वप्रथम मान्यता दिएको थियो । यहींदेखि इजरायलमा अमेरिकी प्रभाव अहिलेसम्म कायमै छ । इजरायल र प्यालेस्टाइनबीच सधैं शत्रुतापूर्ण सम्बन्ध रहनुको मुख्य कारण सीमा विवाद नै हो । इजरायलले कब्जा गरेको आफ्नो भूभाग फिर्ता पाउनुपर्ने प्यालेस्टाइनीहरूको मागमा अमेरिका सधैं बाधक बन्दै आएको छ । संयुक्त राष्ट्र संघमा समेत अमेरिकी प्रभावका कारण इजरायल प्यालेस्टाइन सम्बन्धले हालसम्म निकास पाउन सकेको छैन ।

इजरायल र प्यालेस्टाइन द्विराज्य सिद्धान्तका केही प्रयास भए पनि त्यसले सार्थकता पाउन सकेको छैन । दुवै राज्यका जनताको चाहना पनि यही हो । केही प्यालेस्टाइनी पश्चिम किनारा र गाजापट्टिलाई भविष्यको आफ्नो राज्यका रूपमा मान्दछन् । जसलाई केही इजरायलीले पनि स्वीकार गर्दछन् । दुई राज्यलाई एकसाथ वा द्विराज्य सिद्धान्तको लडाइँ नै इजरायल-प्यालेस्टाइन संघर्ष हो ।

इजरायलले प्यालेस्टाइनकै अर्को स्थान 'पश्चिमी किनारा' मा थप ३ हजार घर निर्माण गर्ने घोषणा गरेको छ । इजरायलले पश्चिमी किनारामा बस्ती निर्माण गर्ने घोषणा गरेको यो चौथोपटक हो । इजरायलको उच्च अदालतले बस्ती खाली गर्न दिएको आदेश रोकिएसँगै इजरायली रक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै भनेको छ, रक्षामन्त्री र प्रधानमन्त्रीले आधिकारिक रूपमा जुदी-सामारिया ३ हजार नयाँ घर निर्माण गर्ने निर्णय गरेका छन् ।' इजरायलले सन् १९६७ देखि प्यालेस्टाइनको पूर्वी जेरुसेलम र पश्चिमी किनारा कब्जा गरी बस्ती बसाउने कार्य थालेपछि सो क्षेत्रमा हिंसात्मक घटनाहरू भइरहेका छन् ।

अमोनामा बसिरहेका मानिसले थप घरहरू बनाउन थालेसँगै त्यहाँका प्यालेस्टाइन समर्थकहरूले विरोध गरेका थिए । उनीहरूको विरोधसँगै बस्ती खाली गर्ने निर्णय अगाडि बढेको थियो । अधिकांश विश्वले पश्चिमी किनारमा बसेको बस्ती अवैध भएको भन्दै आएको छ । राष्ट्रसंघ सुरक्षा परिषद्ले इजरायललाई बस्ती निर्माण कार्य रोक्न निर्देशन दिए पनि इजरायलले अटेर गर्दै थप बस्ती बसाउने योजना ल्याएको हो ।

ट्रम्पले इजरायली नीतिलाई समर्थन गरेपछि त्यसको फाइदा उठाउँदै नेतान्याहुले एकपछि अर्को गर्दै बस्ती बसाउने निर्णय गरेपछि हौसिएका इजरायलले यसरी बसाएका पूर्वी जेरुसेलम र पश्चिम किनाराका अवैध बस्तीहरूमा करिब ५ लाख यहुदीहरूको बसोबास छ । सन् १९६७ को मध्यपूर्वको युद्धपछि इजरायली सेनाले हस्तक्षेप गरी प्यालेस्टाइनी क्षेत्र पूर्वी जेरुसेलम, पश्चिम किनारा र गाजापटीलगायतका क्षेत्रमा यहुदीहरूको सामूहिक बस्ती निर्माण कार्य सुरु गरेको हो ।

शताब्दिऔंसम्म यहाँ कुनै द्वन्द्व थिएन । १९औं शताब्दीसम्म प्यालेस्टाइनभूमि जातीय तथा धार्मिक विविधतायुक्त थियो । ८६ प्रतिशत मुस्लिम, १० प्रतिशत क्रिस्चियन र ४ प्रतिशत यहुदीहरूको बसोबास रहेको यो भूमि १९औं शताब्दीदेखि रणमैदानका रूपमा विकास हुँदै गयो । १९औं शताब्दिदेखि यहुदी अतिवाद हाबी हुँदै गयो । उनीहरूको लक्ष्य भनेको यहुदी बस्ती बसाल्नु थियो । सुरुमा उनीहरूको आप्रवासनले यहाँ कुनै समस्या निम्त्याएन । क्रमिक रूपमा उनीहरूको जनसंख्यामा वृद्धि हुँदै गयो । द्वन्द्व चर्किंदै गयो । यो द्वन्द्वले समग्र मध्यपूर्वलाई अशान्त पारेको छ ।

पहिलो विश्व युद्धपूर्व मध्यपूर्वको यो भूमि अटोमन साम्राज्यका रूपमा थियो । अटोमन सिरिया (प्यालेस्टाइनको भूमिसहित) अटोमन शासकले ४ सय वर्षसम्म यो भूमिमा राज गरेका थिए । यही भूमिमा जियोनिस्टहरूको आन्दोलन चर्कियो । प्यालेस्टाइनमा जियोनिस्टहरूले आफ्नो ऐतिहासिक भूमि घोषणा गर्दै त्यसलाई इजरायलको भूमिका रूपमा घोषणा गर्दै विश्व जियोनिस्ट संगठन र जिउज राष्ट्रिय कोषले अटोमन सम्राज्य र ब्रिटिस साम्राज्यको अधीनमा रहेको प्यालेस्टाइन भूमि किन्दै यहुदी आप्रवासीहरूको बस्ती बसाल्न सुरु गरेका थिए ।

प्यालेस्टाइन भूमिमा यहुदीहरूको जनसंख्या बढ्दै जाँदा यस भूमिमा यहुदीहरूको व्यवसाय तथा आप्रावासीहरूको संख्या बढ्यो । त्यहाँका स्थानीय आदिवासी तथा अरब मूलका मानिस अल्पमतमा पर्न थाले । सन् १८९२ मा अरब मूलका बासिन्दाहरूले आन्दोनल सुरु गरे । अटोमन शासकले प्यालेस्टाइनभूमि विदेशी नागरिकका लागि बिक्री गर्न रोक लगायो । यतिबेलासम्म प्यालेस्टाइनको जनसंख्या ६० हजार थियो, जसमध्ये ३३ हजार आप्रवासीको संख्या पुगको थियो ।

दोस्रो विश्व युद्धकै क्रममा वालफोर घोषणा भयो । यस सन्धिमा बेलायत र फ्रान्सको प्रभाव थियो । यो घोषणाले आप्रवासीहरूको समर्थन र प्यालेस्टाइनमा यहुदीको बस्ती बनाउने कुराको समर्थन गऱ्यो । त्यस्तै, यहुदीबाहेकका अल्पसंख्यक समुदायका नागरिक तथा मानवअधिकारको रक्षाका पक्षमा यो घोषणा भएको थियो । पहिलो विश्वयुद्धकै क्रममा मध्यपूर्वको अटोमन साम्राज्यले बेलायत र फ्रान्ससँग लड्न जर्मनीसँग आपसी रक्षा सन्धि गऱ्यो । उसले बेलायत र फ्रान्स विरोधी शक्तिसँग हात मिलायो । यही अवस्थामा प्यालेस्टाइनमा रहेका यहुदी तथा अरब मूलका बासिन्दाले अटोमन साम्राज्यबाट मुक्त हुन बेलायत फ्रान्स र रुस सम्मिलित ध्रुवको समर्थन गरे ।

सन् १९१५ मा अरब, ग्रेट अरब रिभोल्ट सुरु भएको थियो । सन् १९१६ मा भएको एंलो फ्रेन्च पिकोट सन्धिले बेलायत साम्राज्यलाई अहिलेको जोर्डन, इजरायल, प्यालेस्टाइन र इराकको भूमि दियो । वालफोर घोषणाले यहुदी बस्तीका लागि जोडर्न नदीको दुवै किनारमा बस्ती बसाल्न समर्थन गरको थियो । सन् १९१७ मा अटोमन टर्किस शक्तिलाई बेलायतले पराजित गर्दै प्यालेस्टाइन आफ्नो अधीनमा लियो । यो भूमि बेलायती सैनिकको शासनमा युद्ध अवधिभर रह्यो ।

विश्व यहुदी संगठनका भावी अध्यक्ष चाइम विजमान र इराकका भावी राजा फैसल पहिलोले सन्धिमा हस्ताक्षर गरी मध्यपूर्वमा आपसी समझदारीका लागि तयार भए । फैसलाले वालफोर घोषणा स्वीकार गर्दै प्यालेस्टाइनमा यहुदीहरूको बस्ती बसाल्न सहमत भए । यो घोषणाले सिरियन अरब नेस्नलिस्ट मोभमेन्टलाई अस्वीकार गऱ्यो ।

पहिलो विश्वयुद्धको समाप्तिसँगै प्यालेस्टाइन र ट्रान्स जोर्डन क्षेत्र हालको इजरायल, जोर्डन पश्चिमी किनारा, र गाँजापट्टि बेलायतको अधीनमा आयो । यो क्षेत्रमा बेलायतको शासनकालमा सन् १९१९ देखि १९२६ सम्ममा ९० हजार आप्रवासीहरू प्यालेस्टाइनमा पुगे । यो समयमा युक्रेनमा यहुदीहरूमाथि आक्रमण बढ्यो । करिब १ लाख यहुदीहरू मारिए । त्यसैको प्रभावमा प्यालेस्टाइनमा यहुदी आप्रवासीहरूको संख्या बढ्दै गयो । यो संख्या जर्मनीमा नाजी शासनशक्तिमा आएपछि दोब्बर बढेर गयो ।

प्यालेस्टाइनमा यहुदीहरूको जनसंख्या बढ्दै गएपछि अरब मूलको जनसंख्या अल्पमतमा पर्न थाले । आप्रवासीको संख्या बढ्न थालेसँगै त्यहाँका आदिवासी अरब मूलका बासिन्दाले आफ्नो भूमि बेच्न अस्वीकार गर्न थाले । यसले अरब आन्दोलनको बीउ रोपियो । यहुदीहरूविरुद्ध यस भूमिमा पहिलोपटक जाफ्रा आन्दोलन भएको थियो । यो आन्दोलन ब्रिटिस साम्राज्यविरुद्ध सुरु भएको हो । सन् १९३६ मा प्यालेस्टाइन विदेशी साम्राज्य र उपनिवेशविरुद्ध आन्दोलित भयो । यो आन्दोलन दोस्रो विश्वयुद्ध समाप्तिसम्म रह्यो । अप्रिलमा अरब मूलका समुदाय र यहुदीबीचको सामान्य विवादले सुरु भएको यो आन्दोलनले ठूलो रूप लियो । यो आन्दोलनले राजनीतिक दलको जन्म दियो । जेरुसेलमका मुफ्ती अल हज अमिन अल हुसेनीको नेतृत्वमा गठन भएको अरब हाइयर कमिटिले राष्ट्रिय सरकार गठनको माग गर्दै स्थानीयहरूलाई यहुदी आप्रवासीविरुद्ध लड्न आह्वान गर्दै आमहडतालको घोषणा गऱ्यो । आन्दोलन उत्कर्षमा पुग्दै गर्दा हिंसा भड्कियो । प्यालेस्टाइनमा रहेका ब्रिटिस सैनिक तथा प्रहरी चौकीमा आक्रमण हुन थाले । सडक ठप्प भए । रेलमार्ग र पाइपलाइन पनि अवरोध भयो । आन्दोलनसँगै सरकार असफल भयो । बेलायतले छानबिनका लागि शाही आयोग गठन गर्दै आन्दोलनलाई सम्बोधनको प्रयास गऱ्यो ।

आन्दोलनमा १ हजार बढी मानिसले ज्यान गुमाएको छानबिन आयोगले जनाएको थियो । ब्रिटिस साम्राज्यले हिंसा अन्त्यका लागि बल प्रयोगलाई प्रोत्सहान दियो । आन्दोलनमा नेतृत्व गर्नेलाई पक्राउ गरी देश निकालियो । आन्दोलनको नेतृत्व गर्ने मुफ्ती भागेर लेबनान पुगे । त्यहाँदेखि उनले आन्दोलनकारीलाई परिचालन गर्न थाले । आन्दोलन नरोकिएपछि बेलायतले गठन गरेको पिल कमिसनले सन् १९३७ मा प्यालेस्टाइनलाई दुई राज्यमा विभाजन गर्ने प्रस्ताव गऱ्यो । एउटा अरब राज्य अर्को यहुदी राज्य । यहुदी राज्यमा जोर्डन नदीको किनाराका समथर भूमि, जर्जिल उपत्यका गलिलीलगायतका भूभाग प्रस्ताव गरियो भने अरब राज्यमा ट्रान्स जोर्डन क्षेत्र, जुडेअ, सामारिया, जोर्डन उपत्यका र नेगेभ रहने प्रस्ताव गरिएको थियो । यहुदी समुदायले आयोगको यो प्रस्तावलाई स्वीकार गरे पनि अरब समुदायले भने यसलाई अस्वीकार गऱ्यो । उनीहरूले आफ्नो कुनै पनि भूभाग यहुदीलाई दिन चाहेनन् । पिल आयोग अस्वीकृत भएसँगै बुडहेड कमिसन गठन भयो । यसले पनि समाधान दिन सकेन ।

सन् १९३९ मा ब्रिटिस सरकारले नयाँ नीति अख्तियार गर्दै प्यालेस्टाइनलाई एक राज्यका रूपमा राख्ने र यहुदीहरूको आप्रवासन नियन्त्रण गर्दै जाने निर्णय गऱ्यो । यहुदीहरूलाई प्यालेस्टाइन प्रवेशका लागि कोटा प्रणाली लागू गरियो । यो प्रणालीले यहुदीहरूलाई प्यालेस्टाइनमा जमिन खरिदमा कडाइ गऱ्यो । यो प्रणाली ब्रिटिसको साम्राज्य यस क्षेत्रमा रहँदासम्म कायम रह्यो । दोस्रोविश्व युद्ध सुरु भएसँगै ब्रिटिस साम्राज्य प्यालेस्टाइनबाट पछि हट्यो, तर पनि यहाँको हिंसा रोकिएन ।

दोस्रा विश्वयुद्धका समयमा प्यालेस्टाइन आन्दोलनले अरब नेतृत्व र जर्मनीसँग हात मिलायो । यसबापत जर्मनीले प्यालेस्टाइनबाट यहुदीलाई निकाल्ने वचन दिएको थियो । दोस्रो विश्वयुद्धसँगै त्यहाँका यहुदी संगठित भएर हतियार उठाए । उनीहरूले ब्रिटिस आन्दोलनमा हजारौं सर्वसाधारणहरूले ज्यान गुमाए । उनीहरूले बेलायती सैनिकविरुद्ध आक्रमण थाले । यस क्रममा युरोपका आप्रवासी यहुदी प्यालेस्टाइन प्रवेश गर्न थाले । सन् १९४६ र ४७ का बीचमा करिब ७० हजार यहुदीहरू प्यालेस्टाइन भूमिमा प्रवेश गरे ।

१५ मे १९४७ मा संयुक्त राष्ट्रसंघको महासभाले प्यालेस्टाइनको राजनीतिक घटनाको अध्ययन गर्न राष्ट्र संघीय समिति गठन गऱ्यो । समितिमा अस्ट्रेलिया, क्यानाडा, चेकोस्लोभाकिया, ग्वाटेमाला, भारत, इरान, नेदरल्यान्ड, पेरु, स्वीडेन, उरुग्ये र युगोस्लाभाकियाका प्रतिनिधि समावेश थिए । ३ सेप्टेम्बर १९४७ राष्ट्रसंघको रिपोर्टमा समितिले प्यालेस्टाइनको भूमिलाई तीन भागमा विभाजन गर्ने निर्णय भयो । ११ हजार वर्ग किमि क्षेत्रफलको अरब राज्य, १५ हजार वर्ग किमिको यहुदी राज्य र जेरुसेलम तथा बेथलेहमलाई संयुक्त राष्ट्रसंघको नियन्त्रणमा राख्ने प्रतिवेदन महासभामा पेस भयो । यो विभाजनबाट दुवै राज्य सन्तुष्ट भएनन् । यहुदीहरू आफ्नो बाहुल्य भएको जेरुसेलम गुमाउन चाहेनन् । तर, पनि प्यालेस्टाइनमा रहेका अधिकांश यहुदीहरूले यस निर्णयको स्वागत गरे । यहुदीहरूको अतिवादी समूहले भने यसलाई अस्वीकार गऱ्यो । अरब राज्यले संयुक्त राष्ट्रसंघको यो निर्णयले बहुसंख्यक जनताको अधिकार हनन गरेको प्रतिक्रिया दियो । उनीहरूले अरब राज्यका धेरै जनसंख्या यहुदी राज्यमा फस्ने भन्दै अरब लिगका विरुद्ध यहुदीहरूलाई स्वतन्त्र राज्य दिने निर्णयको विरोध गरे । २९ नोभेम्बर १९४७ मा महासभाले बेलायतलाई प्यालेस्टाइनमा नयाँ सरकार गठनका लागि म्यान्डेट दियो ।

१४ मे १९४८ मा प्यालेस्टाइनका यहुदी समुदायका नेता यिसुभको नेतृत्वमा इजरायलले स्वतन्त्रताको घोषणा गऱ्यो । उनीहरूले प्यालेस्टाइनको यहुदी राज्यलाई स्वतन्त्र इजरायल बनाउने घोषणा गरे । संयुक्त राष्ट्रसंघको सिद्धान्तअनुरूप आफूलाई स्थापित गर्ने घोषणासहित इजरायल छुट्टिएसँगै इजरायल र अरबबीच युद्ध सुरु भयो । अरबका पाँच राष्ट्रले प्यालेस्टाइनको पुरानो भूमि तेलअभिभमा हवाई आक्रमण गरे । लेबनान, सिरिया, इराक, र इजिप्टबाट अरबी सेनाहरूले इजरायलमाथि धावा बोले । साउदी अरबले आफ्ना सैनिक इजिप्टको कमान्डमा युद्धमा पठायो । यही युद्धसँगै इजरायललाई अमेरिकाले साथ दिन थाल्यो । यहुदीहरूले राष्ट्रसंघले यहुदीका लागि छुट्ट्याएको भूमि मात्र नभई प्यालेस्टाइनका लागि छुट्ट्याइएको भूमिसमेत नियन्त्रणमा लिन थाल्यो । इजरायलले एकपछि अर्को गर्दै प्यालेस्टाइनको पक्षमा लडिरेका अरब राष्ट्रसंघ सन्धि सम्झौता गर्दै गयो ।

सन १९६४ मा जेरुसेलममा प्यालेस्टाइन स्वतन्त्रता संगठन (पीएलओ)को गठन भयो । प्यालेस्टाइनमा अन्य अरब राष्ट्रको स्वार्थविरुद्ध गठित भएको यो संगठन बलियो हुँदै गयो । यसको मुख्य उद्देश्य भनेको अरब साम्राज्यबाट प्यालेस्टाइनलाई स्वतन्त्र बनाउनु थियो । यो संगठन गठन भएसँगै विस्तापित भएका प्यालेस्टाइन नागरिकहरू प्यालेस्टाइन फर्किन थाले । सन् १९६७ जुनमा इजरायलले इजिप्ट, सिरिया र जोर्डनविरुद्ध संघर्ष सुरु गऱ्यो । ६ दिन लामो युद्धका क्रममा इजरायलले इजिप्टको सिनाई पेनिसुला, सिरियाको गोलान हाइटस् र जोर्डनको पश्चिमी किनारा नियन्त्रणमा लियो । यो युद्धका बेला साढे २ लाख प्यालेस्टाइन नागरिकहरू विस्थापित भए । १ सेप्टेम्बर १९६७ मा भएको अरब सम्मेलनले इजरायलाई राज्यका रूपमा अस्वीकार गर्दै 'तीन न' अवधारण अगाडि साऱ्यो, पहिलो राष्ट्रका रूपमा अस्वीकार, इजरायलसँगको वार्ता अस्वीकार र इजरायलसँगको शान्तिलाई अस्वीकार गर्ने नीति पास भयो ।

सन् १९६९ मा यासेर अराफात पीएलओको अध्यक्षमा निर्वाचित भए । उनी अध्यक्षमा निर्वाचित भएसँगै प्यालेस्टाइनका सबै सैन्य शक्तिलाई पीएलओको अधीनमा ल्याए । १९७० को सेप्टेम्बरमा प्यालेस्टाइनको गुरिल्ला संगठनले जोर्डनको सत्ता ढलाउने प्रयास गऱ्यो । जोर्डनका राजा हुसेनले उनीहरूलाई निशस्त्र पार्न निर्देश दिए । यो गृहयुद्धमा हजारौं प्यालेस्टाइन नागरिकहरू मारिए । गृहयुद्धकै समयमा सिरियाले जोर्डनमाथि हमला गऱ्यो । प्यालेस्टाइन गुरिल्लाको पराजय र सिरियाली सेनाको फिर्तीपछि मात्र युद्ध शान्त भयो ।

जियोनिस्टहरूको आन्दोलन चर्कियो । जियोनिस्टहरूले आफ्नो ऐतिहासिक भूमि घोषणा गर्दै त्यसलाई इजरायलको भूमिका रुपमा घोषणा गर्दै विश्व जियोनिस्ट संगठन र जिउज राष्ट्रिय कोषले अटोमन सम्राज्य र ब्रिटिस साम्राज्यको अधीनमा रहेको प्यालेस्टाइन भूमि किन्दै यहुदी आप्रवासीहरूको बस्ती बसाल्न सुरु गरेका थिए ।

यो असफल प्रयासपछि जोर्डनमा रहेका पीएलओका नेताहरू लेबनान लागे । त्यहाँ उनीहरूले शरणार्थीका रूपमा शिविरमा बसिरहेका प्यालेस्टाइनहरूसँगै संगठन विस्तारको काम गरे । यहीबीचमा सन् १९७२ को ओलम्पिकमा सहभागी हुन जर्मनीको म्युनिखमा पुगेका इजरायली ११ एथलेटिक्स खेलाडीको हत्या भयो । प्यालेस्टाइनका गुरिल्ला समूहले उनीहरूको हत्या गरे । यो घटनाका दोषी २०० प्यालेस्टाइन गुरिल्लालाई इजरायली जेलमा बन्दी बनाइयो । साथै दुई जर्मनीका लाल सेनालाई जर्मनीको जेलमा बन्दी बनाइयो । यसले मध्यपूर्वको शान्तिमा थप असर गऱ्यो । सन् १९७३ को अक्टुबरमा इजिप्टले इजरायलमाथि आक्रमण गऱ्यो । पूर्वी किनारामा आफ्ना सैनिकहरूमाथि इजिप्टले आक्रमण गरेसँगै इजरायल पश्चिम किनारामा पुग्यो । यो युद्धमा इजिप्टलाई सोभियत युनियन र इजरायललाई अमेरिकाले साथ दिएका थिए । सन् १९७३ मा युद्धको अन्त्य भयो, तर पनि इजरायल भने विजय भयो । सन् १९७४ मा यी दुई देशबीच शान्ति सम्झौता भयो ।

सन् १९७४ मा भएको अरब लिगको सम्मेलनमा पीएलओले प्यालेस्टाइन जनताको प्रतिनिधिका रूपमा मान्यता पायो । यसका नेता यासेर अराफात लिगमा सहभागी भए । अरबका २० राज्य सहभागी भएको उक्त भेलामा पीएलओले प्यालेस्टाइनलाई अरब सैनिकबाट मुक्त गर्न माग गरे । जोर्डनले यसको विरोध गऱ्यो । अरब लिगले पीएलओलाई मान्यता दिएसँगै सन् १९७५ मा संयुक्त राष्ट्रसंघको महासभाले यहुदीहरूको संगठनलाई नश्लवादीको संज्ञा दियो ।

९ डिसेम्बर १९८७ मा 'इन्तिफाडा' स्वतन्त्र प्यालेस्टाइनको यो अभियान जेरुसेलमका बीच भागमा पुग्यो । यहाँ इजरायली सरकारले यसको प्रतिकार गऱ्यो । तर, पनि यो अभियान सन् १९९३ सम्म जारी रह्यो । यो अभियान स्वतन्त्र प्यालेस्टाइनको झण्डा फराउने पहिलो कदमका रूपमा लिइन्छ । पीएलओले नेतृत्व गरेको यो अभियानमा हिंसा हुन थालेसँगै संयुक्त राष्ट्रसंघको पहलमा वार्ता भयो । इजरायल पीएलओलाई मान्यता दिन र पश्चिमी किनारा र गाँजापट्टिका केही भूभाग फिर्ता गर्न सहमत भयो ।

यहीबीचमा प्यालेस्टाइन भूमिबाट इजरायललाई धपाउन भन्दै इजिप्टमा हमासको स्थापना भयो । सन् १९८७ मास प्यालेस्टाइनबाट विस्थापित भई पुगेका धर्म गुरु सेख अहमद यासिनले हमास स्थापना गरी इजरायलविरुद्ध युद्धको घोषणा गरे । पीएलओले प्यालेस्टाइनलाई स्वतन्त्रत घोषणको अभियान जारी राखेको थियो । पीएलओका अध्यक्ष यासेर अराफातले १५ नोभेम्बर १९८८ मा स्वतन्त्र प्यालेस्टाइनको घोषणा गरे । उनले प्यालेस्टाइनको सीमाबारे केही नुखलाईकन राष्ट्रको घोषणा गरेका थिए ।

यद्यपि, त्यसबेला उनले संयुक्त राष्ट्रसंघको १९४७ को घोषणालाई साथ दिनेसमेत भनेका थिए । उनले परिकल्पना गरेको राज्यमा इजरायलले नियन्त्रणमा लिएको जोर्डन नदीको पश्चिमी किनारा, गाँजापट्टि, इजरायलले आफ्नो दाबी गर्दै आएको अरब क्षेत्रको जेरुसेलमलाई समावेश गरिएको थियो । प्यालेस्टाइन नेसनल काउन्सिलको बैठकमा मतदानमार्फत यो निर्णय पारित गरियो । यो बैठकलाई इजरायललेसमेत मान्यता दिएको थियो । स्वतन्त्र प्यालेस्टाइनको पक्षमा २ सय ५३ मत पर्दा ४६ मत विपक्षमा परेको थियो । १३ सेप्टेम्बर १९९३ मा इजरायल र पीएलओले ओस्लो सन्धिमा हस्ताक्षर गरे । अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको उपस्थितिमा यो सन्धिमा उनीहरूले हस्ताक्षर गरेका हुन् ।

मध्यपूर्वको अशान्तिका कारण भनेको प्यालेस्टाइन र इजरायलको सम्बन्ध रहँदै आएको छ । सन् १९९३ मा यी दुई राष्ट्रबीच ओस्लो सन्धिमा हस्ताक्षर भए पनि एकले अर्कोलाई आक्रमण र परास्त गर्ने क्रम भने घटेको छैन । यी दुई इजरायलले यसअघि भएको सन्धिमा प्यालेस्टाइनको भूमिमा निमार्ण भएका बस्ती खाली गर्ने बताए पनि यसलाई बढाउँदै लगेको छ । इजरायलले २९ मार्च २००२ मा अप्रेसन डिफेन्सिभ सिल्ड सुरु गऱ्यो । यो अप्रेसनका क्रममा माच रामल्लाहामा आक्रमण भयो । इजरायली सैनिकले यासर अराफतको हेडक्वार्टरमा कब्जा गऱ्यो । इजरायलको यो अभियान तुल्कारेम र क्वाक्युलियामा समेत पुग्यो । त्यस्तै, २ अप्रिलमा बेथलेहेम, र १ अप्रिलमा जेनिन र नबल्समा समेत इजरायली सैनिक प्रवेश गऱ्यो । पश्चिमी किनाराका ६ ठूला सहरहरू घेराबन्दीमा परे । इजरायलको यो आक्रमणका क्रममा शरणार्थी क्याम्पहरूसमेत इजरायली सैनिकले नियन्त्रणमा लिए । यो अप्रेसन २१ अप्रिलमा रोकियो । यो अभियानका क्रममा इजारयलविरुद्ध सैनिक विद्रोहमा सामेल हुने हजारौं प्यालेस्टाइन नागरिकहरू पक्राउ परे । उनीहरूले सैन्य अप्रेसनका लागि प्रयोग हुने भवनहरूसमेत ध्वस्त पारे । यस क्रममा ४ सय ९७ प्यालेस्टाइन नागरिकहरू मारिए । सन् २००७ मा हमास सत्तामा आएपछि इजरायल र प्यालेस्टाइनबीच झनै कटुता उत्पन्न भयो । हमासलाई इजरायलले एक उग्र राष्ट्रवादी संगठन मात्र नभनेर आतंककारी संगठन भन्दै आएको छ । तर हमास सधैं सत्तामा टिक्न सकेन । फेरि प्यालेस्टाइन आन्दोलनका नायक यासेर अराफातका उत्तराधिकारी मोहम्मद अब्बास सत्तामा आए । अहिले पनि इजरायल प्यालेस्टाइनको अस्तित्व मेटाउन उद्यत छ । यता मोहम्मद अब्बासको सरकार स्वतन्त्र प्यालेस्टाइन अधिकार सम्पन्न राज्य र राज्यको सिमांकनको विषयलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाइरहेको छ ।

**(एजेन्सीहरूको सहयोगमा)**

प्रेरक

## सत्कार र तिरस्कार

एक कुशल मूर्तिकार लामो यात्रामा थिए। यात्राका क्रममा लागेको थकाइ मेट्न उनी एक वृक्षको छहारीमा बसे। नजिकै एउटा ढुंगो थियो। मूर्तिकारले त्यसलाई देखे। उनी आफ्नो झोलाबाट छिनो र हथौडा निकालेर ढुंगोमाथि चलाउन लागे।

जब उनले ढुंगामाथि पहिलो प्रहार गरे, तब अचानक ढुंगा चिच्याउन थाल्यो- ऐया बाबा मरेँ! ममाथि प्रहार नगर्नुहोस्। ढुंगाको रोदन सुनेर उनमा दया पलायो। त्यो ढुंगालाई त्यसै छाडेर उनी अर्को ढुंगोमा आफ्नो कला पोख्न थाले।

मूर्तिकार बडो तन्मयतासाथ हथौडा र छिनो चलाइरहे। दोस्रो ढुंगाले सब प्रहार सहिरह्यो। एकैछिनमा एउटा कुरूप ढुंगाको स्थानमा तत्कालै बोलिहाल्छिन् कि जस्तो लाग्ने देवीको मूर्ति तयार भयो। मूर्तिलाई रूखको फेदमा राखेर उनी आफ्नो बाटो लागे। केही वर्षपछि तिनै मूर्तिकार फेरि त्यही बाटो हुँदै कतै जाँदै थिए। उनी पछिल्लोपटक विश्राम गरेको रूखको फेदमा पुगे। त्यहाँ उनले बनाएर छाडेको मूर्तिको पूजा अर्चना भइरहेको थियो।

भक्तजनको भिड ठूलै थियो। मूर्तिको भजन, आरति भइरहेको थियो। उनी पनि लाममा उभिए। उनको दर्शनको पालो आयो। यसो हेर्दा आफूले बनाएको मूर्तिको निकै सत्कार भइरहेको उनले देखे। मूर्तिको छेवैमा उनले मूर्ति बनाउन पहिलोपल्ट छिनो चलाउँदा रुने ढुंगालाई पनि राखिएको रहेछ। भक्तजनहरू उसको शिरमा नरिवल फुटाएर मूर्तिमा त्यसको जल चढाइरहेका थिए।

मूर्तिकारले मनमनै सोचे- जीवनमा केही पाउनका लागि आफ्नो शिल्पकार चिनेर उनको सत्कार गरी केही कष्ट झेल्नैपर्ने रहेछ। जीवनमा जो डराएर भाग्न तयार हुन्छ, उसले जिन्दगीभरि कष्ट झेलिरहनुपर्दो रहेछ। त्यसको कसैले सम्मान गर्दा रहेनछन्।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

साता केही संघर्षमय रहनेछ। अवसरका लागि केही चुनौतीसँग लड्नुपर्ला। सोमवारदेखि परिवारमा मतभेद समेत देखिनाले उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला। आफ्नैले झुक्याउन सक्छन्, सजग रहनुहोला। बुधवारपछि स्थितिमा सुधार आउनाले रोकिएका काम सम्पादन हुनेछन्। तर अध्ययनमा मन एकाग्र नहुन सक्छ।

### वृष

पहिलेको सम्झौताले समस्या निम्त्याउन सक्छ। कुरा लगाउनेहरूबाट सजग रहनुहोला। सोमबार र मंगलबार स्थितिमा सुधार आउनेछ। पराक्रम बढ्नुका साथै प्रतिस्पर्धीहरूलाई वशमा ल्याउन सकिनेछ। सहयोगीहरू जुट्नाले व्यवसायमा राम्रै फाइदा हुनेछ। बुधबारदेखि पारिवारिक असमझदारीले काममा बाधा हुन सक्छ। अध्ययनमा समय दिन नसकिएला। व्यापारमा पनि लाभांश गुम्न सक्छ। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने छन्।

### मिथुन

साता केही उतारचढावमय रहनेछ। पहिलो दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनुका साथै रचनात्मक काम प्रारम्भ हुनेछ। सोमवार र मंगलवार भने विवादास्पद काममा अलमलिनुपर्ला। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। आम्दानी रोकिनाले आर्थिक पक्ष कमजोर बन्नेछ। बुधवारदेखि स्थिति अनुकूल बन्नाले लक्ष्य पहिल्याउन सकिनेछ। सहयोगीहरूले साथ दिनेछन् र लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउनेछ। मिहिनेतले गुमेको प्रतिष्ठा दिलाउनेछ।

### कर्कट

प्रारम्भमा खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ। सोमवारदेखि स्थितिमा सुधार आउनाले समस्याको समाधान हुनेछ। तर्कशक्ति बढ्नेछ भने रचनात्मक काम गरेर पुरानो पद्धतिमा सुधार ल्याउन सकिनेछ। चिताएका काम बन्नाले नाम, दाम र इनाम प्राप्त हुने देखिन्छ।

### सिंह

आँटेका काम रोकिनाले आयस्रोत कमजोर बन्नेछ। उठ्नुपर्ने रकम पनि अड्किन सक्छ। सोमवारदेखि आकस्मिक खर्च बढ्नाले अर्थ अभाव हुन सक्छ। पहिले गरेको काम बिग्रनाले दोहोर्‍याउनुपर्ला। केही पाउन केही वस्तु त्याग्नुपर्ने परिस्थिति आउन सक्छ।

### कन्या

सातामा केही उतारचढाव आउनेछन्। प्रारम्भमा विवादास्पद समस्या सुल्झाउन केही दौडधुप गर्नुपर्ला। सोमवारदेखि स्थितिमा सुधार आउनेछ। रोकिएको काम बन्नाले आम्दानी बढ्नेछ। मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ। बुधवार र बिहीवार आकस्मिक खर्च बढ्नाले अभावले सताउन सक्छ। अप्ठ्यारो परिस्थितिमा आफन्त टाढा हुनेछन्।

### तुला

प्रारम्भमा सहयोगीहरू पछि हट्नाले काम रोकिन सक्छ। फाइदा नहुने काममा समय बित्नेछ। सोमवारदेखि स्थितिमा सुधार आउनेछ भने चुनौतीहरूलाई समेत पन्छाउन सकिनेछ। नयाँ काम वा नोकरी प्राप्त हुन सक्छ। राजनीति र नोकरीमा पनि प्रसिद्धि बढ्नेछ। पुरुषार्थद्वारा उपलब्धि हातपार्ने मौका छ।

### वृश्चिक

प्रारम्भमा स्वास्थ्य कमजोर रहनाले पछि परिनेछ। परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। अरूका विषयमा चासो लिंदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला। फाइदा नहुने काममा धेरै समय जुट्नुपर्ने देखिन्छ। बुधवारपछि स्थितिमा सुधार आउनेछ भने मिहिनेत गरेर नाम र दाम हात पार्न सफल भइनेछ।

### धनु

प्रियजनसँगको निकटताले साताको सुरुवात रमाइलो रहनेछ। आतिथ्यपूर्ण सम्मान पाइने समय छ। प्रयत्न गर्दा यात्राको अवसर पनि जुट्न सक्छ। सोमबारदेखि भने परिस्थिति अलि प्रतिकूल रहन सक्छ।

### मकर

सुरुमा प्रतिस्पर्धामा उत्रनुपरे पनि केही अवसर भने प्राप्त भइरहनेछन्। रोकिएका काम बन्नाले आर्थिक पक्ष पनि सबल बन्नेछ। खर्च लागे पनि दिगो फाइदा हुने काम सुरु गर्ने अवसर जुट्नेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिने बलियो सम्भावना देखिन्छ। बुधवारपछि परिस्थितिवश केही झमेला आइलाग्न सक्छन्। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने हुँदा गोपनीयतामा विशेष ध्यान दिनुहोला। कामप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ। कमजोरी तथा आलस्य अनुभूति हुनेछ। स्वास्थ्यका लागि पनि सजग रहनुहोला।

### कुम्भ

अस्वस्थताले अध्ययनमा मन एकाग्र नहुन सक्छ। समयमा आँट गर्न नसक्दा काममा चुनौती आउला। पाचन प्रणालीमा समस्या देखिएला। सोमबारदेखि स्थिति अनुकूल बन्नुका साथै प्रयत्न गर्दा लक्ष्य पूरा हुनेछ। प्रतिद्वन्द्वीहरूलाई तह लगाउन सकिनेछ। व्यापारमा फाइदा होला। मिहिनेतले चुनौतीहरूलाई पन्छाउने समय छ। आम्दानीको दिगो स्रोत जुटाउन सकिनेछ। मनपर्ने साथी फेला पार्न सकिनेछ। सप्ताहान्तमा भने समस्या दोहोरिएलान्। सानातिना घरेलु काममै अल्झनुपर्ला। हुलमुलमा धनमालको रक्षा गर्नुहोला। काम बिग्रने डरले सताउन सक्छ।

### मीन

प्रारम्भमा घरेलु समस्या देखापर्न सक्छन्। बेसुरमा वचन दिने बानीले काममा समस्या उत्पन्न होला। पेटको खराबीले पनि सताउला। स्वास्थ्य कमजोर रहनाले पढाइलेखाइमा ध्यान दिन नसकिएला। आँटेको काम रोकिनाले पछि परिनेछ। प्रभावशाली व्यक्ति प्रतिस्पर्धामा उत्रन सक्छन्, गोपनीयतामा ध्यान दिनुहोला। बुधबारदेखि पहिलेका कमजोरी तथा बाधाहरू स्वतः हट्नेछन्। बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ। लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउनेछ। रमाइलो यात्राका बीच आतिथ्यपूर्ण सम्मान प्राप्त हुन सक्छ। वादविवादमा अघि नसर्नुहोला।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Placate = चित्त बुझाइदिनु Since the machine delivered was defective, all his attempts to placate the angry costumer became futile (बिग्रेको मेसिन सप्लाई गरेको कारण रिसाएको उपभोक्ताको चित्त बुझाउनका लागि उसले गरेका सबै प्रयासहरू व्यर्थ भए)

Quell = निभाउनु, दबाउनु Government deployed the military to quell the unrest (असन्तोषको लहरलाई दबाउन सरकारले सेना तैनाथ गऱ्यो)

Rescind = फिर्ता लिनु Finance minister did not rescind the tax bill even if it was opposed by the business circle (ब्यापारीहरूको विरोधको बाबजुद पनि अर्थमन्त्रीले कर प्रस्ताव फिर्ता लिएनन्)

Skeptic = शंकालु, खुला दिलले स्वीकार नगर्ने Almost all of the economists were skeptic about the new financial plan of the government (झण्डै सबैजसो अर्थविद्हरू पुरातत्व विद्हरूले सरकारको वित्त योजनालाई खुला दिलले स्वीकार गर्न सकेनन्)

Tutelage = संरकक्षत्व I am confident that in your tutelage my son can make progress (तिम्रो संरकक्षत्वमा मेरो छोराले धेरै प्रगति गर्न सक्नेछ भन्ने कुरामा म विश्वस्त छु)

Upbraid= बेस्सरी गाली गर्नु The teacher upbraided Mary for her coming late every day (ढिला आएकोमा शिक्षकले मेरीलाई बेस्सरी गाली गऱ्यो)

Volatile = उत्तेजक, तरल The politics has become volatile because of intra party feud in the ruling party (सत्तारुढ दलमा भएको आपसी खिचातानीले राजनीतिलाई तरल बनाइदिएको छ)

Wanderlust = भ्रमणमा चाख राख्ने, धुमन्ते He is never at home during vacation because he is a wanderlust (बिदामा ऊ कहिले पनि घरमा हुँदैन किनकी ऊ धुमन्ते हो)

Amble = स्वभाविक गतिमा अगाडि बढ्नु I know her pace of working so that I can not urge her to work faster than her regular amble मलाई उनी कति छिटो काम गर्न सक्छिन् भन्ने थाहा भएको हुँदा उनलाई स्वभाविक गतिभन्दा चाँडो काम गर भनेर अनुरोध गर्न सक्दिन।

Bullion = सुन वा चाँदीको बिस्कुट जस्तो आकारको सिक्का वा चक्का Those willing to buy property tend to buy bullions and store them (सम्पत्ति जम्मा गर्न चाहनेहरू सुन वा चाँदीको ढिक्का किनेर ढुकुटीमा थन्क्याउने गर्दछन्)

## Do बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Do away with oneself = आफैंलाई सिध्याउनु, आत्महत्या गर्नु She did away with herself as she saw no wayout for livelihood जीवन यापन गर्ने कुनै उपाय नदेखेको हुँदा तिनले आफैंलाई सिध्याइन्)

Do somebody down = हेप्नु Mostly husbands tend to do down their wives विशेष गरी श्रीमान्हरूले श्रीमतीहरूलाई हेप्ने गर्छन्।

Do something down = दबाउनु Modernization does tradition down आधुनिकताले परम्परालाई दबाउँछ।

Do for somebody = घरब्यवहारमा कसैलाई सघाउनु Normally they are our neighbours but they have been doing us for more than ten years तिनीहरू हाम्रा छिमेकी हुन् तर पनि दशौं वर्षदेखि हामीलाई घरब्यवहारमा सघाइरहेका छन्।

Do for somebody = सिद्धिनु Unless government gives incentive, micro industries can easily be done for सरकारले प्रोत्साहन नदिएमा लघु उद्योग सजिलै सिद्धिन्छन्।

Do for something = सहयोग गर्नु The government has no plan to do for cement industries सिमेन्ट उद्योगको लागि सरकारसँग कुनै सहयोग गर्ने योजना छैन।

Do something for = सुधार गर्नु This new fashion might do something for young ladies यो नयाँ फेसनले युवतीहरूको स्वरुप सुधार गर्न सक्छ।

Do somebody in = मार्नु, सिध्याउनु He is so angry with me that he might do me in ऊ मसँग यति रिसाएको छ कि उसले मलाई सिध्याउन सक्छ।

Do something in = सड्किनु If you lift this heavy load, it does your back in तिमीले यति गरुंगो चिज उचाल्छौ भने तिम्रो ढाड सड्किन सक्छ।

Do something out = सफा गर्नु Your drawer needs doing all out तिम्रो ड्रअर पुरै सफा गर्नुपर्ने छ।

### सुडोकु-अंक १९६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | | ८ | | ६ | ५ |
| | | | | ३ | | | | ९ |
| | २ | | | | १ | | | |
| | ५ | | | ७ | | १ | ३ | |
| | | | ९ | | २ | | | |
| | ८ | ४ | | १ | | | ७ | |
| | | | ६ | | | | ५ | |
| ३ | | | | २ | | | | |
| ८ | ४ | | १ | | | | | ३ |

### अंक १९५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | ७ | ३ | ५ | ४ | ९ | २ | १ |
| २ | १ | ५ | ८ | ६ | ९ | ७ | ४ | ३ |
| ३ | ९ | ४ | २ | १ | ७ | ८ | ५ | ६ |
| ४ | ७ | २ | १ | ३ | ५ | ६ | ९ | ८ |
| ९ | ५ | ८ | ४ | ७ | ६ | ३ | १ | २ |
| ६ | ३ | १ | ९ | ८ | २ | ५ | ७ | ४ |
| ७ | ४ | ६ | ५ | २ | ८ | १ | ३ | ९ |
| ५ | २ | ३ | ६ | ९ | १ | ४ | ८ | ७ |
| १ | ८ | ९ | ७ | ४ | ३ | २ | ६ | ५ |

## समाचार संक्षेप

### हत्या गरेको अभियोगमा ५ जना पक्राउ

सुनसरी। भोक्राहा नरसिंह गाउँपालिका(७ बस्ने २२ वर्षीय गुणराज यादवको कुटपिट गरी हत्या गरेको अभियोगमा ५ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४२ वर्षीय दिनेश महत्तो, २० वर्षीय पप्पु राम, १९ वर्षीय शिव कुमार मेहता, १९ वर्षीय दिपक कुमार यादव र १९ वर्षीय प्रदिप राम रहेका छन्। गत साउन ३१ गते सोही गाउँपालिकास्थित सुनसरी खोलामा प्लाष्टिकको बोराभित्र करिब ५० केजीको ढुंगासहित बोराको मुख बाँधेर खोलामा फालेको अवस्थामा गुणराजको शव फेला परेको घटनाको अनुसन्धानको क्रममा खटिएको प्रहरीले उनीहरूकै घर ठेगानाबाट उनीहरूलाई पक्राउ गरेको हो।

साउन २९ गते दिउँसो गुणराज घरबाट मोबाइल पसलमा काम छ भन्दै साथी शिव कुमार मेहतासँग इनरुवा बजार गएको, दुबै जनाले सोही ठाउँस्थित पारिजात स्कुल छेउमा मदिरा सेवन गरी गुणराजलाई इन्द्रजित यादवको घर पुर्यागई शिवकुमार घरतर्फ गएपछि गुणराज ईन्द्रजितको घरमा केहिबेर बसेर आफ्नो घर जान भनि हिँडेकोमा घर नपुगेको र स्थानीयले भोलीपल्ट धान बारीमा रगत जस्तो पदार्थ देखेर जानकारी गराएपछि खटिएको प्रहरीले अनुसन्धान शुरु गरेको थियो।

### सुन ठगी गर्ने महिला पक्राउ

काठमाडौं। जिल्ला सिन्धुपाल्चोक घर भई हाल का.जि.का.म.न.पा. ३१ नयाँ बानेश्वर बस्ने रमिता रन्जित श्रेष्ठको जाहेरी अनुसार जिल्ला झापा शान्तिनगर वडा नं. ६ घर भई हाल का.जि.का.म.न.पा. ३१ नयाँ वानेश्वर बस्ने बर्ष २९ कि शारदा मगरले ४,३६,०००।- रकम बराबरको निम्न सुनका गरगहनाहरू विभिन्न वहाना बनाई झुक्याई ठगी गरेको ठगी मुद्दामा निज शारदा मगरलाई यस महाशाखाबाट खटिएको प्रहरी टोलीले मिति २०७७।०४।२८ गते ज्ञानेश्वरबाट प्रकाउ गरी आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी परिसर टेकु पठाइएको छ। निजले अन्य व्यक्तिहरू समेतलाई ठगी गरेको हुन सक्ने सम्भावना रहेकोलेनिजबाट ठगीमा पर्नु भएको छ भने यस कार्यालयमा संम्पर्कमा आउनको लागी अनुरोध गरिएको छ।

### गोरू काटेको अभियोगमा ४ जना पक्राउ

स्याङ्जा। अर्जुनचौपारी गाँउपालिका(४ दमै चौताराबाट गोरु काटेर खाएको अभियोगमा ४ जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २८ वर्षीय दीपक नेपाली, २६ वर्षीय शिव नेपाली, २३ वर्षीय खेम परियार र ३४ वर्षीय प्रेम नेपाली रहेका छन्। उक्त ठाउँमा जिउँदो गोरु काटेको भन्ने खबर सोमबार प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय स्याङ्जाबाट खटिएको प्रहरीले उनीहरूलाई गोरुको मासु सहित फेला पारी पक्राउ गरको हो।

### आगलागीबाट धनमाल नष्ट

काठमाडौं। सुनसरी, ईटहरी उपमहानगरपालिका(१३ स्थित पारस जैनको अरिहन्त पेपर मिलमा बिजुलीको तार सर्ट भई मंगलबार दिउँसो आगलागी हुँदा कागज बनाउने कार्टुन जलेर करिब ५ लाख रुपैयाँ मूल्य बराबरको धनमाल नष्ट भएको छ। कवाडी कार्टुन राखेको ठाउँमा विद्युतको वाइरिङ गर्ने क्रममा बिजुलीको तार सर्ट भई उक्त आगलागी भएको खुल्न आएको छ।

चितवन, कालिका नगरपालिका(७ क्लब चोकमा भारत घर भएका ३५ वर्षीय नवल जैसवालले संचालन गरेको किराना पसलमा विद्युत सर्ट भई मंगलबार बिहान आगलागी हुँदा पसलको विभिन्न सरसामान जलेर करिब ४ लाख ५० हजार रुपैयाँ मूल्य बराबरको धनमाल नष्ट भएको छ। आगलागीमा परेर घाइते भएका उनका ११ वर्षीय छोरा निखिल जैसवालको स्थानीय मेडिकलमा उपचार भईरहेको छ।

### मृत अवस्थामा फेला

काठमाडौं। काठमाडौं महानगरपालिका ८ पशुपति वृद्धाश्रम नजिक पेटीमा ४५ समिर मण्डल भन्ने पुरुष मंगलबार मृत अवस्थामा फेला परेका छन्। उनको हाल एकिन नाम, थर, वतन खुल्न सकेको छैन। पर्सा, बीरगन्ज महानगरपालिका २५ खल्वाटोलस्थित पोखरीमा सोही स्थान बस्ने १७ वर्षीय अमित कुमार साह मंगलबार मृत अवस्थामा फेला परेका छन्। एक हप्तादेखि हराएका उनको खोजी गर्ने क्रममा शव फेला परेको हो। बर्दिया, ठाकुरबाबा नगरपालिका(५ धोङरहवास्थित बबई सिँचाई नहरको कुलोमा मंगलबार नवजात शिशु बालक मृत अवस्थामा फेला परेको छ। माछा मार्न प्रयोग गरिने ढडिया भित्र ती शिशुको शव फेला परेको हो।

### बगाई मृत्यु

काठमाडौं। काठमाडौं महानगरपालिका(१४ कुलेश्वर महादेव मन्दिरनजिक बिष्णुमती खोलाले बगाएर हाल नाम, थर, वतन नखुलेका करिब ४० वर्षीय पुरुषको मंगलबार बिहान मृत्यु भएको छ। ती पुरुषलाई खोलाले बगाई ल्याउँदै गरेको अवस्थामा महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले तत्काल उद्धार गरी वीर अस्पताल पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो।

### पहिरोबाट ५ घरमा क्षति, ४८ घर जोखिममा

हुम्ला। अदावचुली गाउँपालिका ५ काखे र वारीगाउँमा सोमबार बिहान आएको पहिरोको कारण ५ वटा घर पूर्णरूपमा क्षति भएका छन्। साथै अन्य ४८ घरहरू उच्च जोखिममा रहेका छन्। प्रहरी चौकी गल्फगाडबाट खटिएको प्रहरीले आवश्यक उद्दार कार्य गरिरहेको छ

### दुई जना पक्राउ

मोरङ। पथरी शनिश्चरे नगरपालिका २ स्थित हरियाली सामुदायिक वनमा पासो थापी चित्तल मारेर लैजाँदै गरेको अवस्थामा २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही नगरपालिका १ बस्ने २६ वर्षीय चित्र कुमार श्रेष्ठ र भोजपुर बलगाउँ घर भएका २१ वर्षीय बिकास राई रहेका छन्। करिब ३ वर्षको पोथी चित्तल मारी लाँदै गरेको अवस्थामा वनका कर्मचारी तथा ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको संयुक्त टोलीले फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

### अवैध लागूऔषध सहित पक्राउ

काठमाडौं। मोरङ, बिराटनगर महानगरपालिका १५ सूर्य बस्तीबाट अवैध लागूऔषध १० बोतल सफिटस(डी र ३९ चक्की एभिल सहित सोही महानगरपालिका २ बस्ने २९ वर्षीय प्रणक शर्मालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा भारतबाट उक्त लागूऔषध लिई आइरहेको अवस्थामा फेला पारी उनलाई पक्राउ गरेको हो।

कैलाली, धनगढी उपमहानगरपालिका(३ बाट करिब ७ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने वस्तुसहित २ जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका १ बस्ने २४ वर्षीय पृथ्वी खड्का र सोही उपमहानगरपालिका(३ बस्ने २५ वर्षीय अनुराग मल्ल रहेका छन्। उक्त लागूऔषध र से.६ प ७८९ नम्बरको मोटरसाइकल सहित उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

कन्चनपुर, बेलौरी नगरपालिका १० सडकघाटबाट अवैध लागूऔषध खैरो हिरोईन जस्तो देखिने वस्तु करिब १० ग्राम ८ सय ३० मिलीग्राम सहित २ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी भुडाबाट खटिएको प्रहरीले से.७ प १४०१ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा चालक कैलाली धनगढी उपमहानगरपालिका(५ बस्ने २६ वर्षीय अनमोल शाह र मोटरसाइकलमा सवार सोही नगरपालिका(१३ बस्ने २९ वर्षीय जयराज रानाको साथमा उक्त वस्तु फेला पारी प्रहरीले पक्राउ गरेको हो।

### चार जना पक्राउ

मकवानपुर। प्रहरीलाई खुकुरी प्रहार गरेको अभियोगमा ४ जनालाई खुकुरी सहित सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। हेटौंडा उपमहानगरपालिका(६ गौरीटार नजिक लागूऔषध गाँजा सेवन गरेका केही व्यक्तिहरूले घरघरमा ढुंगा हानी हो(हल्ला गरिरहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी चौघडाबाट खटिएको प्रहरीलाई सोही ठाउँस्थित रामनगर बस्ने २६ वर्षीय भक्तराम राउत समेत ४ जनाले खुकुरी प्रहार गरेपछि उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो।

खुकरी प्रहारबाट घाइते भएका एक जना प्रहरी सहायक निरीक्षकलाई हेटौंडा अस्पताल हुँदै थप उपचारको लागि चितवन मेडिकल कलेज भरतपुर पठाइएको छ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

काठमाडौं। ललितपुर, ३६ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा महालक्ष्मी नगरपालिका ६ स्थित डेरा गरी बस्ने उदयपुर त्रियुगा नगरपालिका ३ साउने घर भएका २२ वर्षीय लिल बहादुर मगरलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। मगरले ती महिलालाई गत साउन २१ देखि ३२ गतेसम्म ललाईफकाई आफ्नै डेरा कोठामा राखी पटक पटक जबरजस्ती करणी गरेको भन्ने खबर महानगरीय प्रहरी वृत्त महाराजगंजमा प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरी महानगरीय प्रहरी वृत्त सातदोबाटो ललितपुरमा बुझाएको हो। मकवानपुर, ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा थाहा नगरपालिका १२ जगडाँडा बस्ने १६ वर्षीय किशोरलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ।

# President Kim Il Sung and the Anti-Japanese War of Korea



The Korean people praise President Kim Il Sung as a hero of the nation for saving the destiny of the nation from the Japanese military occupation.

Born to a peasant family on April 15, 1912, he received patriotic education from his father, pioneer of the independence movement, in his childhood.

He formed the Down-with-Imperialism Union in October 1926, and held the banner of armed resistance against the Japanese colonialists by forming a guerrilla army in April 1932.

He was possessed of extraordinary wisdom, strong spiritual strength, optimism and attacking spirit.

After organizing the guerrilla army, he experienced good times and bad and shared his destiny with the guerrillas for more than10 years. He fought with the steadfast will to liberate his country and by employing extraordinary tactics, thus achieving national liberation on August 15, 1945.

The international community said he was a preeminent great man of modern ages and rare giant in the military field.Mark Clark, once commander of the UN forces during the Korean war, said thatKim Il Sung, as commander of the guerrilla army that fought against the Japanese army for many years, achieved excellent exploits; his name was respected by all and was symbolic of patriotic deeds.

The anti-Japanese war was an arduous, bloody war unprecedented in history.

At the time of Japanese colonial occupation, Japan was the "leader" of Asia with formidable military capability. On the other hand, colonial Korea was weak in national strength, so it was next to impossible for Korea to regain its sovereignty.

However, Kim Il Sungwaged the anti-Japanese armed struggle by relying on the people with the faith that the country could be liberated if all the Korean people were aroused.

He put efforts to working with people and enlisted the broad masses of the people, thus founding the Association for the Restoration of the Fatherland, an anti-Japanese national united front, in May 1936.

Since the mid-1930s many anti-Japanese organizations were formed not only across Koreabut in many parts of Japan, and in the mid-1940s various kinds of military and para-military organizations were formed for an all-people resistance all around the country. Japan called the Korean guerrilla army as a drop in the ocean, but the guerrillas won victory by fighting the enemy which was numerically superior, without the backing of a state. One of the secrets was the people's support to the guerrillas.

The Korean fighters fully demonstrated indomitable spiritual strength and indefatigable courage.

In order to stamp out the guerrillas, the Japanese army committed large-scale "punitive" operationsincessantly and employed various means and methods including surrender hunting, psychological warfare, assassination and acts of terrorism. In the indescribable difficulties such as danger of life, biting cold and shortage of food, the guerrillas were not dispirited; they were full of indomitable will and spirit with which to liberate the country to the death.

The battle of Pochonbo on June 4, 1937 was a typical battle which showed that the Korean people did not recognize the rule of the country by Japan and demonstrated their thoroughgoing spirit and will to liberate the country by force of arms.

The guerrillas employed various guerrilla tactics in practice.

The guerrilla army led by Kim Il Sung was inferior to the Japanese army in terms of numbers and military technology. But the Japanese Kwantung Army, which was boasting of being an "elite" force, was defeated each time in the battles with the Korean guerrillas.

The Japanese army was always caught surprised by the Korean guerrillas' allurement and ambush, telescopic tactics, marching a long distance at a stretch and other tactics.

The guerrillas under Kim IlSung's command always took the initiative and employed these various adroit tactics, overpowering the enemy's psychology and attacking their vital points. In this way, they demonstrated their existence, and gave the Korean people hope of national liberation.

These tactics even now attract the attention of the military academic circles of the world.

Many historians including war historians call the anti-Japanese war of Korea an example of national liberation struggle in colonies, a model of guerrilla war and a war that created excellent tactics.

This year marks the 73rdanniversaryof Korea's liberation from the military occupation of Japan (1905-1945).

# प्रदेश २ मा कोरोनाको भयावह अवस्था

■ **ओमप्रकाश शर्मा**

स्थानीय निकायको अकर्मण्यताका कारण वीरगन्जको यस्तो अवस्था आएको हो। जिल्ला प्रशासन कार्यालयले पनि खुल्ला सीमामा राम्ररी चेकजाँच गर्न सकेको छैन, रोकथाम गर्न सकेको छैन । धेरै उद्योगपतिहरूले आफ्ना कारखानामा भारतीय मजदूरहरू चोरबाटोबाट ल्याए । स्थानीयहरूको पनि सीमापारी आवत-जावत निरन्तर भइरहेकोले वीरगन्ज महानगर आज कोरोनाको भयावह अवस्थामा पुगेको हो ।

अनियमितरुपमा भइरहेको आवागमनलाई स्थानीय प्रशासनले रोक्न सकेन र स्थानीय निकायले पनि यसको चेकजाँच गर्न सकेन । संघीय सरकारले पनि चेकजाँचका लागि पीसीआर मेसिन दिन सकेन । प्रदेश सरकारले एउटा पीसीआर मेसिन दियो तर खासै चाँसो राखेन । यहाँका व्यापारी र जनताले आफ्नो पैसाबाट पीसीआर मेसिन ल्याए तर किटहरू नदिएको हुनाले चेकजाँच भएन । चेकजाँच नभएपछि कोरोना संक्रमितहरू देखिएनन् । संक्रमितहरू नदेखिएपछि सबै जना निर्भिक भए कि अब वीरगन्जमा कोरोनाको प्रकोप समाप्त भइसक्यो । सामान्य सावधानी पनि अपनाइएन । यदि बीच-बीचमा चेकजाँच भइदिएको भए यस्तो भयावह स्थिति आउँदैनथ्यो ।

जबसम्म राम्ररी चेकजाँच हुँदैन तबसम्म समुदायस्तरमा प्रवेश गऱ्यो भन्ने स्थिति छैन । अहिले अलिकति पनि रुघाखोकी लाग्यो भने कोरोना लाग्यो कि भन्ने आशंका हुन्छ । चार महिनाको अवधिमा नेपालकै मुख्य व्यापारिक नाकामा स्थानीय, प्रदेश र संघीय सरकारले केही गर्न सकेन। यदि यहाँ ५० जना कोरोना संक्रमित फेला परे भने राख्ने स्थिति छैन । गण्डक अस्पतालमा मात्रै राख्ने गरिएको छ, त्यहाँ पनि बढीमा ३० वटासम्म मात्रै बेड होला । राजस्वको सबभन्दा बढी स्रोत दिने ठाउँलाई नै कुनै पनि निकायले ध्यान नदिनु लज्जास्पद कुरा हो । यसमा स्थानीय तह र प्रदेश सरकार पनि असफल भएका छन् ।

संघीय सरकारले प्रदेश सरकारमार्फत् एउटा पीसीआर मेसिन दियो तर बन्दुक दिएर गोली नदिँदा त काम चल्दैन । त्यो मेसिन पनि ४५ दिनपछि सुरु भयो । तर पछिल्लो एक महिनादेखि यहाँ चेकजाँच भएकै छैन । जसले अहिले वीरगन्जमा सामुदायिक संक्रमण भयो भनेर सुनिरहेका छौं ।




तर भइहालेकै छ भन्ने यकिन गर्न सकिँदैन ।

उहाँहरू एउटै पार्टीको हुँदाहुँदै पनि किन उहाँहरूबीच राम्ररी तालमेल हुन सकेन भन्ने कुरा उहाँहरूको हो । तर, प्रदेश सरकारबाट पनि यहाँका पीडित छन् र स्थानीय निकायबाट पनि वीरगन्जवासी एकदम पीडित छन्। त्यो कारणले आज वीरगन्ज मात्रै होइन, समग्र प्रदेश २ का जनता नै त्राहिमाम अवस्था छन्। आजको दिनमा गर्न सक्ने प्रदेश र स्थानीय सरकार नै हो । मानौं संघीय सरकारले गरेन, तर प्रदेश सरकारले त गर्नुपऱ्यो नि । प्रदेश सरकारले कोरोना रोकथाम तथा नियन्त्रणका लागि दुई अर्ब रुपैयाँ छुट्याएकै छ नि । त्यो दुई अर्ब कहाँ गयो ? प्रदेश सरकारले कुन ठाउँमा खर्च गऱ्यो ? जनता त्राहिमाम छन्, पैसा खर्च भएको भनेर भन्छन् ।

अलिकति खर्च गरेको होला, केही दिएको होला । जस्तो कि २५ लाख खाजा खर्चका लागि दियो वा देखाउनका लागि राहत बाँडेको होला । राहत बाँड्ने काम प्रदेश सरकार होइन । वार्ड-वार्डमा स्थानीय निकायले त बाँडिरहेकै थियो । हामीले पटक-पटक भनेका छौं कि प्रदेश २ को कुनै राम्रो ठाउँमा कोभिड हस्पिटल वा हजार दुई हजार मान्छे राख्ने आइसुलेशन वार्ड बनाउनुपर्छ । कोरोनाको भयावह स्थिति आउन सक्छ । किनभने प्रदेश २ को सबै जिल्लाका नाकाहरू खुला छ र सबैबाट खुल्लेआम आवतजावत भइरहेको छ । त्यसैले प्रदेश सबभन्दा बढी हाइअलर्टमा भएकोले यहाँ हामीले कोभिडको व्यवस्थापन गरेर राख्नुपर्छ भनेर पटक-पटक भन्दा पनि मुख्यमन्त्रीको कुनै चाँसो नै छैन ।

हामीले पटक-पटक प्रदेशसभामा सरकारलाई ध्यानाकर्षण गराउँदै आएका छौं । हामी प्रतिपक्षको रुपमा छौं तर सत्तारुढ दलकै सांसदहरूले मन्त्री र मुख्यमन्त्री भ्रष्टाचारमा लिप्त छन्, जनता त्राहिमाम छन्, किसानहरू पीडामा छन् भनेर विरोध गरिरहेका छन् । प्रदेश ५ को सरकारले एउटा उदाहरणीय काम गरेको छ, त्यहाँका कृषकले उब्जाएको तरकारी अन्य ठाउँहरूमा पुऱ्याउने व्यवस्था गऱ्यो । तर प्रदेश २ को सरकारले कोरोनाको नाममा कुराबाहेक काम केही पनि गरेन ।

नेपालमा संघीय संचरनाअनुसार पहिलोपटकको अभ्यासमा धेरै कुराहरू सिक्नुपर्ने भएको हुनाले हामीले दुई वर्षको बजेटलाई निर्विरोधरुपमा सर्वसम्मतरुपले पास गऱ्यौं । धेरै कुराहरू सिक्नुपर्छ भनेर हामीले कुनै विरोध जनाएनौं । तर, ती दुई वर्षको बजेटमा हामीले कुनै विरोध नजनाउँदा उहाँहरूले त मनोमानी गर्न थाल्नुभयो। रेडबुक नछाप्ने, जुन मन्त्रीलाई जहाँ मन लाग्छ त्यहाँ भ्रष्टाचार र अनियमितता गर्ने, जहा मन लाग्यो त्यहाँ ठेक्क दिने, जहाँ कमिशनको कुरा मिल्यो त्यहाँ उनीहरूले गर्न थालेपछि यसपटक हामीले विरोध गऱ्यौं । हामी विपक्षीको भन्दा पनि सत्तारुढ दलकै सांसदहरूले यस्ता क्रियाकलापको चर्को श्वरमा विरोध गरिरहनुभएको छ। सत्तारुढ पार्टीका केन्द्रीय नेताहरूले दबाब दिएपछि मात्रै यसपटकको बजेट बहुमतले पास भएको छ । केन्द्रबाट दबाब नपरेको भए प्रदेश सरकारको बजेट पनि जान्थ्यो र सरकार पनि जान्थ्यो । प्रदेश सरकारको विगतको बजेटहरूलाई अनुसन्धान गरियो भने व्यापक भ्रष्टाचार र अनियमितता भएको प्रष्टै देखिन्छ । महालेखा कार्यालयले पनि भनिसकेको छ कि एक अर्ब ७५ करोड रुपैयाँ जति बेरुजु भएको र रिटपूर्वक नभएको हो ।

जसले ठेक्कापट्टा पाएका छन्, उनीहरूमध्ये धेरैले आरोप लगाउने गरेका छन् कि मन्त्रीहरूले नै २०-३० प्रतिशतसम्म कमिशन लिएका छन् । हामीलाई त यसबारे थाहा पनि छैन । मन्त्रीहरूले कमिशन लिएर काम गराउँछन् भन्ने आवाज त उठेकै हो नि । यसमा छानबिन गरियो भने यसबारे सत्यतथ्य आउँछ ।

*(शर्मा नेपाली कांग्रेसको प्रदेश २ प्रदेशसभा सदस्य हुन ।)*


## कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनीकरणका लागि निम्नानुसार गरौं

- आर्थिक असमानता, सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं ।
- आदर्शपूर्ण नैतिक शिक्षा तथा उच्च परिवारिक मूल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौं ।
- उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषम परिस्थितिको सामना गर्न सक्ने खुवी र मानसिकताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## इन्डोनेसियाको ७५औं स्वतन्त्रता दिवस काठमाडौंमा

काठमाडौं । गणतन्त्र इण्डोनेसियाको ७५ औं स्वतन्त्रता दिवस नेपालमा पनि मनाइएको छ । उक्त अवसरमा नेपालका लागि इण्डोनेसियाका अवैतनिक वाणिज्यदुत एवम् आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले वाणिज्य दुतको कार्यालय,आइएमई कम्प्लेक्स परिसरमा इण्डोनेसियाको झण्डोत्तलन गर्नुभएको छ। झण्डोत्तलनमा वाणिज्यदुत कार्यालय तथा आइएमई ग्रुपमा कार्यरत कर्मचारीहरूको सिमित संख्यामा उपस्थिति रहेको थियो ।

नेपाल र गणतन्त्र इण्डोनेसियावीच सन् १९६० मा औपचारिक कुटनीतिक सम्बन्ध स्थापना भएको थियो । गणतन्त्र इण्डोनेसियाले आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकाललाई नेपालका लागि इण्डोनेसियाको अवैतनिक वाणिज्यदुतमा नियुक्त गरे यता यी दुई देशबीचको सम्बन्ध थप मजबुत बन्दै आएको छ। नेपालका लागि इण्डोनेसियाको गैह्र आवासीय राजदुतको कार्यालय बंगलादेशको ढाकामा अवस्थित छ ।

## भदौ १०...

खाद्यान्न ढुवानी, स्वास्थ्य सेवा र सुरक्षा जस्ता सेवामा निषेधाज्ञाले असर पार्ने छैन । निषेधाज्ञाका बेला अत्यावश्यक बाहेक पैदल आवतजावत गर्न पाइने छैन । निषेधाज्ञाका बेला सरकारी तथा सार्वजनिक कार्यालयहरूले न्यूनतम कर्मचारीबाट काम चलाउने र अन्यलाई घरबाट काम गर्ने व्यवस्था मिलाउने भनिएको छ । औषधि, खाद्यवस्तु तथा अन्य आवश्यक उपभोग्य वस्तु खरिद गर्नबाहेक बाहिर निस्कन पाइने छैन । मेला महोत्सव, जात्रा सञ्चालन, जुलुस प्रदर्शन गर्न, मन्दिर खुला राख्न र सर्वसाधारणलाई प्रवेश गर्न निषेध गरिएको छ । सभा समारोह, गोष्ठी, समूहगत खेल, जिमखाना, पुस्तकालय, फुटपाथ ठेलागाडा व्यापार, होटल र रेस्टुराँ सञ्चालन गर्न पाइने छैन ।

## नेकपा एमाले...

भएको छ । त्यसयता एमाले अस्तित्वमा थिएन । नेकपा एमालेको नाममा दल दर्ताको निवेदन पर्दा नेकपाभित्र हलचल नै उत्पन्न भएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीकै इशारामा दल दर्ताको प्रयास भएको आरोपसमेत प्रचण्डसहितका नेताहरूले लगाएका थिए ।

निवेदन परेको झण्डै दुई महिनापछि आयोगले दल दर्ता गरेको हो । नवगठित नेकपा एमालेको अध्यक्षमा सन्ध्या तिवारी र महासचिव मनिषकुमार उपाध्याय रहेका छन् । पार्टीले आफ्नो छापमा डाँडामा उदाउँदो सूर्य राखेको थियो । कानुनअनुसार सबै मापदण्ड पुगेकाले दल दर्ता गर्ने निर्णय लिइएको एक आयुक्तले बताए । उनका अनुसार नेकपा एमाले नेपालको एक सय ३२ औं पार्टी बनेको छ ।

## भारतीय बाँध...

भारतले बाँध निर्माण गरेपछि नेपालीले आफ्नो तर्फ डुबान हुनुहुँदैन भन्दै विरोध गरे । स्थानीय देवनारायण यादवको नेतृत्वमा स्थानीयले बाँध भत्काइदिए । उनको साहसिक त्यस कार्यलाई ग्रेटर नेपालले सम्मान गरेको थियो । तर स्थानीय तहले भने बाँध निर्माण रोक्न कुनै पहल गरेको छैन । दशगजासँग जोडेर सीमा सडकका नाममा भारतले बनाएको बाँधका कारण खाडो नदीको बहाव रोकिने गरेको छ र तिलाठी, कोइलाडी बेल्टी, सकरपुरा लगायतका बस्तीका २ हजार ५ सय परिवार प्रभावित छन् । भारतले उत्तराखण्ड र विहारमा नेपाली सीमा मिचेर दशगजा सारेर १८ सय किलोमिटर सडक बनाएको छ । यसले अधिकांश नदीको बहाव थुनिएको छ ।

भारतले आफ्नो भूमि जोगाउन बाढीका बेला बाँधको उचाइ थप्ने गरेको छ । प्रदेश २ का अधिकांश सीमा क्षेत्रका भूभाग यसरी डुबानमा पर्ने गरेका छन् । सीमासँग जोडिएको रेल्वे ट्र्याक र दुइवटा भारतीय नहरका कारण सप्तरी डुबानमा पर्ने गरेको छ । पर्साको रामनगर, बर्मानगर, सिकारीबास, इच्छानगर, बुद्धनगर, माडी डुबानमा उच्च जोखिममा छन् । वर्षामा आउने बाढीबाट आउने ढुंगा, बालुवा, माटोले गाउँ र खेती छोपिदिने गरेको छ । भारतले कमलानदीमा बनाएको बाँधले सर्लाही, धनुषा डुबानमा पर्ने गरेका छन् ।

प्रदेश ५ का पश्चिम नवलपरासी, रुपन्देही, कपिलवस्तु र बाँकेका सीमावर्ती गाउँमा भारतीय अनधिकृत बाँध र जमिनबाट अग्ला सडक डुबानको कारण बनेको छ । भारतले सिद्धार्थनगर र झन्डीबजारदेखि करिब ३ सय मिटर दक्षिणतर्फ डन्डा नदीमा बाँध बनाएको छ । यो बाँधले भारतले सिंचाइ गरेको छ भने भैरहवा, भलवारी, कोटीहवा, पडसरी लगायतका नेपाली क्षेत्र डुबानमा पर्ने गरेका छन् । भारतले बाँध बनाएर डन्डाको पानी रोकेको छ । बाँधको ढोका खोल्ने साँचो भारतकै हातमा छ । पाल्पा हुँदै आएको तिनाउ नदी मर्चवारबाट भारततर्फ बग्छ । भारतले २०५८ सालमा निर्माण सुरु गरेको रसियावाल खुर्दलौटन बाँधले हरेक वर्ष नेपाली क्षेत्रलाई जलमग्न बनाउने गरेको छ । यस बाँधले हजारौं विघा जमिन डुबानमा पार्ने गरेको छ । यो बाँध जमिनको सतहदेखि ८ देखि १५ मिटर अग्लो र ८ किलोमिटर लामो छ । यसले नेपालको १० वर्गकिलोमिटर धेरै क्षेत्रफल डुबानमा पर्ने गरेको छ । डुबानले करिब ८ सय परिवार प्रभावित छन् ।

भारतले बुद्ध जन्मभूमि कपिलवस्तुलाई समेत डुबाउने नियत राखेको छ । भारतले कहलीसागर र बजाहा सागर बाँध बनाएपछि नेपाली भूमि डुबानमा पर्ने गरेको छ । महलीसागरदेखि ५ किलोमिटर पूर्वमा बजहा बाँध छ । महलीसागर बाँधका कारण रंगपुर, यसोधरा, भैइसहिया, भगवानपुर, लोहरौली पर्सेहिया गाउँ जलमग्न हुने गरेका छन् । बाँधले ३ सय हेक्टर जमिन डुबान हुने गरेको छ । सीमासँग जोडेर भारतले सिद्धार्थनगरको शोहरतगढ थाना अन्तर्गत महलीमा बाँध बनाएको छ । भारतले यो बाँधबाट हिउँदमा तीन सय हेक्टरमा सिंचाइ गर्दै आएको छ । यो बाँधमा १५ ढोका छन् ।

बजाहा बाँधले मायादेवी गाउँपालिकाका गौरा, तितिर्खा, पकडी, रजबापुर, तुल्सीद्रिहवामा ४ सय हेक्टर खेतीयोग्य जमिन डुब्ने गर्छ । बजाहा तालमा २८ वटा फलामका ढोका राखेर बाँध बनाइएको छ । मायादेवी गाउँपालिका चाकलचौडामा पनि सीमामा भारतले मर्थी बाँध बनाएको छ । यसका सातवटा ढोका छन् । यो बाँधले नेपालको ८० हेक्टर जमिन डुबानमा पर्छ ।

भारतले एकातर्फ तराईका सीमा जोडिएका २३ जिल्लाका २६ बढी ठाउँमा सीमा अतिक्रमण गरेको छ । पूर्व झापादेखि मोरङ सप्तरी हुँदै सुदूरपश्चिम कञ्चनपुरसम्म भारतले नेपाली भूभाग मिचेको छ । सुस्ताको १४ हजार हेक्टर जमिन भारतले कब्जा गरेको अवस्था छ । भारतीय भौगोलिक विस्तारवाद यतिमै थामिएको छैन । दशगजा क्षेत्रमा बाँध र अग्ला सडकहरू बनाएर नेपालको तराईलाई तलाउ बनाउन उद्यत छ । भारतको यस्तो हेपाहा हर्कतविरुद्ध सरकार गम्भीर कूटनीतिक पहलमा जुट्न ढिलाइ गर्नुहुन्न ।

## मलको...

हितमा कमिसनको चलखेल गर्ने गरिएको कोरोनालाई कारण देखाएर मल आयातमा विलम्ब भएको प्रचारबाजी आफैंमा हास्यास्पद छ । पेट्रोलियम पदार्थलगायत अरु आवश्यक सामान, तरकारी तथा फलफूल औषधि नियमित खरिद भएर आपूर्ति व्यवस्था सुचारु रहँदा कृषिमल आयात गर्न मात्र कोरोनालाई कारण देखाइनु किमार्थ उचित होइन । कृषि मन्त्रालयले आफ्ना कमजोरीलाई लगभग स्वीकार्दै वक्तव्य जारी गरेको छ । तर यसले कृषिमा हुने सम्भावित क्षति न्यूनीकरण गर्न सक्दैन । यसले जनतामा राजनीतिक नेतृत्वप्रतिको अविश्वासलाई बढाउँछ । नेतृत्वप्रतिको अविश्वास राज्य र सेवा प्रवाह गर्ने संस्थाप्रतिको अविश्वास हो । समयमा मल आपूर्ति नहुँदा किसानले पाउने दुःख र उत्पादनमा पर्ने प्रभावलाई जिम्मेवार निकायले समयमै गम्भीरतापूर्वक नलिनु अन्ततः राष्ट्रले नै आर्थिक क्षति व्यहोर्नु हो ।

## भयग्रस्त...

नआउने स्वास्थ्य विज्ञहरू बताउँछन् । भारतीय तरकारीका गाडीको निर्वाध उपत्यका प्रवेश, एमबुलेन्स प्रयोग गर्दै तराईबाट मानिसहरू आउने, नाकामा तिनीहरूको पिसिआर परीक्षण नगरिनु र संक्रमितको उचित पहिचान नहुनुले उपत्यकामा कोरोना भुसको आगोजस्तै भित्रभित्रै सल्कियो । पिसिआर परीक्षण गराएर पनि होम क्वारेन्टाइनमा नबस्ने प्रवृत्तिले संक्रमण फैलिन अझ सहयोग पुऱ्यायो । सार्वजनिक यातायात लगायत निजी क्षेत्रका सवारी साधनहरूको भीडभाड, होटल, रेस्टुराँहरूको असावधानी र नागरिकहरूको स्वास्थ्यप्रति असंवेदनशीलताले कोरोनाको फैलावटलाई सहज बनाइदियो ।

छिमेकी मुलुक भारतका सीमा जोडिएका राज्यहरू विहार, युपी र पश्चिम बंगालमा कोरोना तीव्र रुपमा फैलिन थालेपछि त्यसले नेपालको तराई क्षेत्रलाई पनि नराम्ररी प्रभावित बनायो । भारतमा रोजगारी गर्न गएका नेपालीहरू कोरोना संक्रमणका कारण रोजगारी गुमेपछि धमाधम नेपाल प्रवेश गर्न थाले । कति त क्वारेन्टाइनमा समेत नबसी गाउँ सहर छिरे । स्थानीय तहले निर्माण गरेका क्यारेन्टाइनहरूमै पनि कोरोना संक्रमण फैलियो । त्यहाँ सुरक्षा सावधानी अपनाइएन । कोरोना तराई, उपत्यका हुँदै पहाड र हिमालसम्म फैलियो । अहिले पाँच जिल्लाबाहेक ७२ जिल्लामा कोरोनाका बिरामीहरू भेटिएका छन् । ४१ जिल्ला कतै लकडाउन, कतै शिल त कतै निषेधाज्ञामा छन् । काठमाडौं उपत्यकामा तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले ३ गतेदेखि १० गतेसम्म निषेधाज्ञा घोषणा गरेका छन् । जसले आम जनजीवनलाई घरभित्रै सीमित गराएको छ ।

कोरोनाको प्रभाव कति समयसम्म चलिरहने हो कसैले बताउन सकेको छैन । यो महामारीले विश्वलाई नै आक्रान्त बनाएको छ । मै हुँ भन्ने महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकामा समेत आर्थिक महामारीको खतरा देखा परेको छ । धनी राष्ट्रहरू चीन, जापान, बेलायत, फ्रान्सको आर्थिक वृद्धिदर संकुचित भइरहेको छ । मलेसिया, कतार, ओमान, युएई, लेबनान लगायतका खाडी मुलुकमा काम गर्ने नेपाली कामदारहरू बेरोजगार भइरहेका छन् । तेलका धनी देशका रुपमा चिनिएका खाडीका देशहरूको पनि आर्थिक अवस्था धर्मराउन थालेको छ । कोरोना महामारीले विश्वलाई नै आर्थिक रुपमा पछि धकेलिरहेको छ । सीमित स्रोत साधन भएको र आयातमुखी देश नेपालको आर्थिक हालतको त कल्पनासम्म गर्न सकिन्न । रेमिट्यान्सले धानेको नेपालको अर्थतन्त्र अब कसरी चलायमान होला यसै भन्न सकिन्न । ऋण र अनुदानमा बन्ने पूर्वाधार परियोजनाहरू र राष्ट्रिय गौरवका योजना, परियोजनाहरू थला पर्ने संकेत देखिन थालेको छ ।

कोरोनाका कारण सर्वसाधारण नागरिकको दैनिकी तहसनहस बनाइरहेको छ । श्रमजीवी मानिसहरू बेहाल हुँदैछन् । उद्योग व्यवसायहरूमा परेको कोरोना असरले समृद्धिको सपना भताभुंग हुँदैछ । साना व्यवसाय गरेर जीविकोपार्जन गरिरहेका मानिसहरू हातमुख जोर्न नसक्ने अवस्थामा पुगेका छन् । उपत्यकाका व्यस्त सडक चोकहरूका पसलहरूमा टु लेटका पोस्टरहरू टाँसिएका छन् । मानिसहरू अब व्यवसाय गरेर बस्ने मुडमा देखिन छोडेका छन् । आर्थिक अभावका कारण पिरोलिएको दैनिकीका कारण मान्छेहरू सुसाइटतर्फ अग्रसर भइरहेका छन् । जिउने आधार कोरोनाले खोस्दै गएपछि १२० दिन लामो लकडाउनको अवधिमा दुई हजार बढी मानिसहरूले आत्महत्या गरिसकेका छन् । अहिले फेरि त्यही अवस्था दोहोरिएको छ । उपत्यकामा निषेधाज्ञाका कारण मुर्दा शान्ति छाएको छ । मानिसहरू भयग्रस्त छन् र सहर सुनसान छ । यस्तो बेलामा सरकारले जनतालाई राहतका प्याकेज दिनु त परै जाओस् कोरोना परीक्षणको गतिलाई समेत तीव्रता दिन सकेको छैन । अरु औषधि र स्वास्थ्य सामग्री आयातमा भ्रष्टाचार गरिएका समाचारहरू सार्वजनिक भइरहेका छन् ।

## राष्ट्रकविको...

उपप्रधान एवम् रक्षामन्त्री ईश्वर पोखरेलले घिमिरेको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाउँदै श्रद्धाञ्जली अर्पण गरेका थिए ।

## नेकपा मालेद्वारा...

उपरोक्त क्षतिका लागि प्राकृतिक विपत्तिको कारण मात्र नभएर सरकारको अकर्मण्यता र अव्यवस्था पनि गम्भिररुपमा जिम्मेवार छ । कोभिड-१९ को सम्भावित संक्रमणलाई समयमै समुचित ब्यवस्थापन गर्न नसक्नु तथा त्यस सिलसिलामा सरकारका जिम्मेवारहरू नै कमाउ धन्धामा लाग्नु, २०७२ को विनाशकारी भूकम्पबाट क्षतविक्षत तथा असुरक्षित गाउँबस्तीलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्न नसक्नु र विकासको नाममा कमाउ धन्धामा लागेर विनासको खतरालाई देखेर पनि नजरअन्दाज गर्नु । यो बैठक सरकारसँग जनधनको अविलम्व क्षतिपूर्ति उपलब्ध गराउन तथा जनताको समुचित सुरक्षित जीवन यापनको ग्यारेण्टी गर्न जोडदार माग गर्दछ ।

२. कोरोना संक्रमणलाई नियन्त्रण गर्ने उद्देश्यले नेपाल-भारत सिमानाका निश्चित् नाकाबाट मात्र आइजाई गर्ने ब्यवस्था गर्नु अत्यावश्यक देखिएको छ । कोरोना पश्चात् पनि नेपाल-भारत खुल्ला सिमालाई ब्यवस्थित गर्नु पर्दछ । धेरै अतिक्रमित सिमा क्षेत्रमा आवश्यकतानुसार सशस्त्र प्रहरी पोष्ट राख्ने ब्यवस्था गर्न यो बैठक सरकारको ध्यानाकर्षण गर्दछ ।

३. हालसम्म विदेशी नागरिकले अवैध तवरले लिएका नागरिकता प्रमाणपत्रहरू छानविन गरि त्यस्ता नागरिकता प्रमाणपत्रहरू खारेज गर्न र लिनेदिनेलाई कठोर कानुनी कार्वाही गर्ने उद्देश्यले अविलम्व अधिकार सम्पन्न उच्चस्तरीय न्यायिक आयोग गठन गरियोस् भनी यो बैठक सरकारको पुनःध्यानाकर्षण गर्दछ ।

४. प्राकृतिक विपत्ति र सरकारी अव्यवस्थाको मारमा परेका जनतालाई उद्दार र राहतका निम्ति स्थानीय राजनीतिक जनकार्यमा सकृय रहन पार्टीका सबै प्रदेश, जिल्ला, पालिका तथा वार्ड कमिटी एवम् तद्नुसार वर्गीय तथा जनसंगठनहरूलाई निर्देशन गरिन्छ ।

५. कोभिड-१९ को उच्च जोखिमलाई ध्यान दिंदै संक्रमण प्रभावित क्षेत्रका सर्वसाधारण जनतालाई ०७७ भदौ २ गतेसम्म पहिलो चरणमा काठमाडौं उपत्यकाका निश्चित् ठाउँहरूमा मास्क वितरण गर्न पार्टीका स्थानीय कमिटीहरूलाई प्रोत्साहित गर्ने निर्णय गरिएको छ ।

६. नेपाली महिलाको परम्परागत चाड हरितालिका तिजको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुहुने समस्त नेपाली महिलालाई हार्दिक शुभकामना ज्ञापन गर्दै कोभिड-१९ को संक्रणप्रति अति गम्भिर रहेर पारिवारिक हिसावले मात्र पर्व मनाउन यो बैठक हार्दिक आग्रह गर्दछ । धन्यवाद !'

## उज्यालो...

कार्यकारी निर्देशकको रूपमा चार वर्षअघि कुलमान घिसिङको आगमन भएयता प्राधिकरणको कायापलट हुनपुगेको हो । विगत दुई वर्षदेखि प्राधिकरण सबैभन्दा बढी नाफा कमाउने सार्वजनिक संस्थान बन्दै आएको छ ।

चार वर्षअघि २५ प्रतिशतभन्दा बढी विद्युत् चुहावटलाई करिब ११ प्रतिशतले नियन्त्रण गर्दै १५ दशमलव २७ प्रतिशतमा झारेको छ । चुहावट नियन्त्रणबाट प्राधिकरणले वित्तीय रूपमा करिब ८ अर्ब रुपैयाँ फाइदा भएको छ । प्रणालीको कुल चुहावटलाई १० प्रतिशतभन्दा कम गर्ने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताएका छन् ।

## कुसे औंशी...

चाँहि बाबुलाई मनपर्ने लुगा वा बस्त्रादि अर्पण गरेर यथोचित ढोग-भेट वा सम्मान गर्नेगर्दछन् । त्यस अवसरमा बाबु पनि खुसी भएर आफ्ना छोराछोरीहरूलाई हृदय देखि नै यथोचित अर्ति-उपदेश एवं शुभ-आसिरवादहरू दिने गर्दछन् ।

जन्म दिने बाबु अस्त भइसकेका छोराछोरीहरू कुशेऔंशीको दिन गोकर्णेश्वरको महादेव मन्दिर, रसुवाको वेत्रावती धाम, तनहुँको देवघाट, विष्णुपादुका र सुनसरीको बराहा क्षेत्र आदि, तीर्थस्थलहरूमा गएर स्नान गरी पितृहरूको नाममा दान, तर्पण तथा श्रद्धा गरी बाबुको सम्झना गर्ने पनि गर्दछन् । हिन्दू धर्मशास्त्रले बताए अनुसार मानिसका विविध रुप र प्रकारका बाबुहरू हुन्छन् । खासगरी नेपाली समाजमा ५ प्रकारका बाबुहरूको मान्यता गर्ने गरिन्छ । (१) जन्म दिने बाबु (२) शिक्षा दिने गुरुबाबु (३) कर्म दिने ससुराबाबु (४) मन्त्र दिने धार्मिक बाबु र (५) मीत बाबु, आदि ।

उपर्युक्त पाँच प्रकारका बाबुहरू मध्ये आफूलाई जन्म दिने बाबुको सबै भन्दा ठुला बाबु हुन् । किनकि जन्म दिने बाबुले जन्म दिने देखि कर्म दिने अवस्था सम्म आफ्ना छोराछोरीहरूको एथोचित स्याहार-सुसार, खान-पान, आहार-विहार र शिक्षा-दिक्षा, ईत्यादि धर्मकर्महरूको दायित्व वहन गरेका हुन्छन् । यिनै जन्म दिने बाबुको रगतको नाता (DNA) तथा बंसक्रम छोरा, नाति र पनाति हुदै वंसावलीको श्रृङ्खला युगादि-युग सम्म फैलिदै जान्छ । आज समाजमा, जुन कुल, गोत्र, बंस वा सजातीय थरहरू प्रचलित छन्, ती सबै थरहरू प्राचीन कालका कुनै एक पुर्खौली बाबुबाट सुरु भएको नात-सन्तानहरूको क्रमबद्ध श्रृङ्खला हो । ब्राह्मण र क्षेत्रीहरू प्राचीन कालका ऋषि-मुनिका सन्तान भएका हुनाले उनिहरूको कुल गोत्र वा वंशावली पनि त्यहीबाट सुरु भएको देखिन्छ । जस्तै–आत्रेय, अंगिरस र भृगु गोत्र इत्यादि । तर राइ र लिम्बूहरू प्राचीन कालका राजकुलका सन्तान भएको हुनाले उनीहरूको कुल गोत्र वा वंशावली पनि त्यसै अनुरुप लेखिएको पाइन्छ । जस्तै–यलम्बर हाङ, थाक्नीया हाङ, मुरेगन हाङ, माबो हाङ र थिन्दोलुङ हाङ इत्यादि ।

शिक्षा दिने बाबु वा गुरु बाबुलाई धर्मशास्त्रले जन्म दिने बाबु पछिको दोस्रो बाबु वा मानव जीवनको एक महत्वपूर्ण बाबुको रुपमा मान्ने गरिएको छ । त्यसो गर्नुको कारण स्वतः स्पष्ट छ कि शिक्षा विनाको जीवन पशुतुल्य हुन्छ । त्यसकारण मानिसलाई पशुको श्रेणिबाट मानवताको श्रेणिमा उकाल्ने गुरुको आवश्यकता, महत्व र अनिवार्यतालाई कसैले पनि विर्षन मिल्दैन ।

प्राचीन इतिहासमा गुरु भक्तिका केही उदारणीय प्रशंगहरू पनि उल्लेख भएका पाइन्छन् । जस्तै–द्रोणाचार्यलाई गुरुभेटीको लागि एकालब्यले आफ्ना बुढि औला चढाएका थिए भने अंगुलिमालले मानिसका वुढी औंलाको माला बनाएर लगाएका थिए । नेपालमा गुरु पूर्णिमाको दिन विशेष प्रकारको धार्मिक अनुष्ठानहरू गरेर वा पूजा-आराधना गरेर गुरुले दिएका ज्ञान वा शिक्षा-दिक्षाहरूको स्मरण गर्ने गरिन्छ । गुरु जीवित अवस्थामा भए उसैको पाउमा सेवा ढोग गरी आदर सम्मान गर्ने गरिन्छ । साथै गुरुलाई गुरु-भेटी चढाएर वा नगद रकम, अन्न, बस्त्र र खानेकुराहरू प्रदान गरेर पुनः थप ज्ञान, शीप र शिक्षा-दिक्षा माग्ने पनि गरिन्छ ।

धर्मशास्त्रहरूमा कर्म दिने ससुरा बाबु, मन्त्र दिने धार्मिक बाबु र मीत बाबुहरूको बारेमा केही कुराहरू पनि उल्लेख भएको पाइन्दैन । मेरो विचारमा यी बाँकी तिन प्रकारका बाबुहरूको पनि समाजमा आफ्नै प्रकारको आवश्यकता र महत्वहरू रहेका छन् । त्यसकारण यी बाबुहरू प्रति पनि समाजले यथोचित सम्मान तथा स्मरण गर्नु आवश्यक छ ।

हिजोआज पश्चिमी सभ्यताको अन्धानुकरण गर्दै नेपालमा आफ्ना बाबुआमालाई सम्मान गर्नुको सट्टा धमाधम बृद्धाश्रममा भर्ना गर्न थालिएको देखिन्छ । यो काम देशका उच्च वर्ग वा श्रेणिका मानिस देखि सर्बसाधारण सबैले गर्न थालेका छन् । यसरी नेपालमा बाबुआमालाई जबरदस्ती ढंगले बृद्धाश्रममा खोरबाखी लाउदा, के सम्मान नै गरेको हुन्छ ? के बाबुआमाको ईच्छा-चाहना विपरित उनिहरूको आँखामा बलिन्द्र आँसु बगीरहँदा होनाहार छोराछारीहरूको चित्त चाँहि बुझेकै हुन्छ ? यो प्रश्नको उत्तर कसले दिन सक्छ ? कुनै मनोबैज्ञानिकले वा धर्माचार्यले ? आज म यस सवालमा ठूलो चिन्तन, मनन् र अन्तरकृयाको आवश्यकता देखिरहेको छु ।

पश्चिमी राष्ट्रहरूमा बृद्धाश्रमको सोच कसरी आयो ? यो वास्तवमै चर्चा गर्नुपर्ने विषय हो । यस प्रशङ्गमा भन्नुपर्दा, पश्चिमी मुलुकहरूको सामाजिक ढाँचा पूर्बका मुलुकहरू भन्दा अलिक फरक रहेको देखिन्छ । त्यहाँ बाबुआमाले बच्चा जन्माइ दिनु मात्र पर्छ, त्यपछिका सबै जिम्मेवारी सरकारले लिन्छ । बच्चाको मायाँ लाग्यो भने आमाले चाइल्ड केयर सेण्टरमा गएर आफ्नू बच्चासँग भेटघाट गर्न पाउँछ । बाँकी कुरा खुवाउने, सुताउने, उठाउने वा हगाउने-मुताउने सबै कुरा धाई आमाले गर्छिन् । बाबुआमालाई त हाइसन्चो छ । यस्तो परिस्थितिमा त्यो बच्चा हुर्के पछि कतिले त आफ्ना बाबुआमा नै चिन्दैनन् । भलै, बाबुआमा चिनिहाले पनि बाबुआमाको लाड-प्यार र स्नेहको अनुभूति बच्चाहरूले पाउन सक्तैनन् । त्यसकारण पश्चिमी सभ्याताको सामाजिक अवस्था एक प्रकारले पशु-पन्छीको जीवन जस्तै हुन्छ । नेपालमा जस्तो बाबुआमाबाट छोराछारीहरूले धन, सम्पत्ति र अंस-बण्डा, आदि; केही पाउने कुरा हुदैन । त्यसैगरी बाबुआमा बृद्ध हुँदा छोराछोरीहरूले हेरचाह गर्ने वा पालन-पोष्ण गर्ने कुनै दायित्व वहन गर्नु पनि पर्दैन । सरकारले नै सबै प्रकारका साधन र स्रोतहरूले सम्पन्न भएको बृद्धाश्रम निर्माण गरिदिएको हुन्छ, जहाँ बृद्ध-बृद्धाहरू हाँसी-खुसी रमाइलो मानेर खाने, बस्ने वा जीवन यापन गर्ने गरिरहेका हुन्छन् ।

पश्चिमी मुलुकको तुलनामा नेपालका बृद्धाश्रमहरू अपराधी राख्ने जेल जस्ता रहेका छन् । यहाँका बृद्धाश्रमहरू नत साधन र स्रोतले सम्पन्न छन् नत सामाजिक मनोविज्ञानले बृद्धाश्रमको बसाइलाई सहज मान्ने गरिन्छ । यहाँ त आमाबाबुले छोराछोरीलाई सधै भरी वा आँखा भरी राख्न चाहान्छन् भने छोराछोरीहरू पनि बाबुआमा बाचुन्जेल उनिहरूकै न्यानो छत्र-छायाँमारहन-बस्न रुचाउछन् । हाम्रो सामाजिक धर्म, परम्परा, संस्कार र संस्कृति नै यस्तो छ । त्यसकारण बाबुआमा र छोराछोरी बीच यस्तो न्यानो माँया-ममता तथा आपसी सत्वभाव रहिआएको अवस्थामा नेपालमा बृद्धाश्रमको आवश्यकता नै किन ? नेपालमा बृद्धाश्रम होइन कि अनाथालय चाँहि आवश्यक होला । जस्को छाराछोरी वा आफन्त कोही छैन, उस्को लागि बृद्धाश्रम आवश्यक हुन सक्तछ । तर जेल जस्तो बृद्धाश्रम होइन कि साधन-स्रोतले सम्पन्न राम्रो र रमाइलो वातारण भएको बृद्धाश्रम ।

नीति शास्त्रले हामीलाई "पितृ देवो भव" भन्ने पाठ सिकाउछ । पितृ देवो भव भनेको बाबुलाई देवता समान मान्नु हो । यो हामी नेपालीहरूको मौलिक धर्म, परम्परा र संस्कृति पनि हो । यस परम्परालाई समाजका हामी सबैले सहज रुपमा पालना गर्दै आएका छौं । हामीले आफ्नो मौलिक धर्म, परम्परा र संस्कृतिहरूलाई चटक्क विर्षेर पराइको धर्म, परम्परा र संस्कार-संस्कृतिहरूको अन्धानुकरण गर्नु किमार्थ हुदैन । त्यसो गर्न थालियो भने हाम्रो मौलिक पहिचान नै गुम्न जान्छ । हाम्रो मौलिक पहिचान गुमेपछि हाम्रो राष्ट्र र राष्ट्रियता पनि गुम्न जान्छ । यी सबै कुराहरू गुमिसके पछि हाम्रो अस्तित्व नै गुम्न पुग्दछ । त्यसकारण आज विश्वका धेरै राष्ट्रहरूले भाषा, धर्म र संस्कृति जस्ता आफ्नो मौलिक पहिचान गराउने विषयवस्तुहरूको संरक्षण गर्नको लागि धेरै ठुलो-ठुलो संघषहरू गर्दै आएका छन् ।

कुशे औंशी वा बाबुको मुख हेर्ने पर्व, मातातिर्थे औंशी वा आमाको मुख पर्व, गुरु पूर्णिमा वा गुरुलाई सम्मान गर्ने पर्व, आदि; चाड-पर्वहरू हामी नेपालीहरूको मौलिक पहिचान बोकेका चाडपर्वहरू हुन् । यी चाडपर्वहरूले एकातिर हाम्रो समाजको सामाजिक सद्भावको अभिबृद्धि गर्दछन् भने अर्कोतिर यी चाडपर्वहरूले हाम्रो राष्ट्रिय पहिचानको संरक्षण एवं सम्बर्धन गर्दछन् । त्यसकारण यी मौलिक चाडपर्वहरूको आवश्यकता र महत्वलाई भावी सन्ततीमा हस्तान्तरण हुदैजानु आवश्यक छ ।

धर्मशास्त्रले पितृपक्षको तिथि मानिने चन्द्रमास अनुसारको आमावस्याको दिन पितृहरू चन्द्रमाभन्दा ठीक माथि आइपुग्छन् भन्ने मान्यता राख्छ । त्यही पितृपक्षको दिन गरिएको दानको फल पाउने र पितृहरूको आशीष लागेर आफ्नो पनि श्रीवृद्धि हुन्छ भन्ने मान्यता रहेको उपप्राध्यापक अधिकारी बताउँछन् ।

बारीमा उम्रिएको एउटा 'पवित्र झार' जसलाई कुश भन्न गरिन्छ, त्यो भाद्र महिनासम्म आइपुग्दा परिपक्व रूपमा विकास भइसकेको हुन्छ । त्यसैले यसलाई भाद्र महिनामा नै एक वर्षको लागि उखेल्ने गरिन्छ ।

भाद्र महिनालाई कल्याणको महिनाको रूप चिनिन्छ । यही पवित्र महिनाको अमावस्याको दिन विधिपूर्वक कुश उखेलेर घरमा भित्र्याउने पर्व भएकोले यस तिथिलाई कुशे औंशी मान्ने गरिएको अधिकारी बताउँछन् ।

वैज्ञानिक हिसाबले पनि कुशको महत्व अधिक रहेको वनस्पति विज्ञहरू बताउँछन् । वैज्ञानिक आधारमा भन्दा कुश एक किसिमको कुचालक घाँस हो, यसबाट विद्युत प्रवाह हुँदैन । त्यसैले चन्द्र तथा सूर्य ग्रहणको समयमा खाना तथा पानीमा कुश मिसाउने गरिन्छ । ता कि ग्रहणको समयमा आएको हानिकारक किरण कुशमा ठोकिएर परावर्तन हुने गर्छ भन्ने वैज्ञानिक मान्यता छ ।

जब कुश पलाउँछ, सानैदेखि यसको किनार धेरै तीखो हुन्छ । अन्जानमै यसलाई विच्छेद गर्दा हातमा चोट लाग्ने गर्छ । पुरातन समयमा गुरुजनले आफ्ना चेलालाई परीक्षा लिने बेलामा यही अमावस्याको दिन कुश उखेलेर ल्याउन भन्थे । जसले कुनै चोटविना नै कुश उखेलेर ल्याउँथ्यो, ऊ नै कुशल कहलिन्थ्यो ।

बच्चालाई कुशल र तीखो बोली बोलाउनको लागि पाँच वर्ष पुगेपछि शुभ मुहूर्तमा कुशको अघिल्लो भागद्वारा जिभ्रोमा महले सरस्वती मन्त्र लेख्ने गरिन्छ । यस्तो गर्न सक्यो भने सो बच्चाको बोली तीक्ष्ण हुन्छ भन्ने विश्वास छ ।

ध्यान या पवित्र कर्म गर्दा कुशको चकटीमा बस्ने गरिन्छ । यसको अर्थ पनि कुचालक कुशको आसनमा बस्दा ध्यान र तपबाट पाएको ऊर्जा पृथ्वीमा गएर समाहित नहोस् भन्नको लागि कुशको आसनमा बस्ने गरिन्छ ।

अमावस्याको दिन घर या मन्दिरको उत्तरपूर्वी भागमा गाईको घिउको बत्ती बाल्ने गरिन्छ । कपासको सट्टा रातो रंगको धागो र केसर प्रयोग गर्नु राम्रो मानिन्छ । यसले लक्ष्मीलाई छिटै खुसी बनाउन सकिने मान्यता राखिन्छ ।

आफूलाई जन्म दिएर हुर्काएर, पढाएर सक्षम पार्ने आमाबाबुलाई देवता सम्झेर श्रद्धा भक्तिपूर्वक मान्नु र पूज्नु सम्पूर्ण छोराछोरीको मुख्य कर्तव्य हो । देवताभन्दा पनि ठूला आफ्ना मातापिताको आदर्श, मूल्य र मान्यताअनुरूप व्यापक रूपमा मान्ने सन्दर्भमा हरेक वर्ष बाबुको मुख हेर्ने दिनलाई नयाँ पुस्ताले भन्न थालेको 'फादर्स डे' भनी भाद्रकृष्ण औंसीका दिन आफूलाई जन्म दिने बाबुलाई विभिन्न थरिका मिठाई र फलफूल खुवाई मान्ने गर्छन् । नेवारी समाजमा भने बाबुलाई उसिनेको अण्डा, माछा र रक्सी पनि सगुनको रूपमा दिइ बाबुको मुख हेर्ने प्रचलन रहिआएको छ । विवाह गरी पठाइसकेकी छोरीले पनि माइतीमा आफ्ना बाबुको मुख हेर्न आउँछन् र विभिन्न किसिमका मिठाई फलफूल र मासु चिउरासमेत ल्याई सगुनको रूपमा अण्डा, माछा र रक्सी ल्याई बाबुको मुख हेर्दा सगुन दिने गर्दछन् ।